# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ४ अङ्क १६ पूर्णाङ्क १६१ | २०७६ मंसिर २ गते सोमबार | Monday, 18 Nov., 2019 | पृष्ठ ८ | मूल्य रु. १०|-


## कालापानीबारे चीनले के भन्यो ?



काठमाडौं । नेपालको कालापानी क्षेत्रलाई भारतले नयाँ नक्सामा गाभेको बिषयमा चीनले बिहीबार पहिलोपटक बोलेको छ। चीनले कालापानी क्षेत्रको विवाद मैत्रीपूर्ण परामर्श र सम्वादका आधारमा नेपाल र भारतले समाधान गर्ने सदिच्छा व्यक्त गरेको छ । उसले नेपालको सार्वभौमसत्ता र भौगोलिक अखण्डताको सम्मान गरेको पनि *बाँकी ८ पेजमा*

### प्रदेश नं. २, ३ र ५ को सम्मेलन सम्पन्न, प्रदेश ७ मा ३ र ४ मंसिरमा सम्पन्न हुँदै

# सम्पन्न हुँदै क्रान्तिकारी माओवादीका प्रदेश सम्मेलनहरू

### प्रदेश २ मा रमेशको नेतृत्वमा ३७ सदस्यीय कमिटि, प्रदेश ३ मा प्रवेशको नेतृत्वमा ६६ सदस्यीय कमिटि र प्रदेश ५ मा प्रमोदको नेतृत्वमा ४७ सदस्यीय कमिटि निर्वाचित








**● रवि पाण्डे/दाङ, अनु निरौला/काठमाडौं र किरण कर्ण/जनकपुर**

काठमाडौं । नेपाली विशिष्टतामा आधारित सशस्त्र जनविद्रोहको सामरिक कार्यदिशामार्फत् यहाँको प्रतिक्रियावादी राज्यसत्ता कब्जा गर्ने र देशमा जनताको नयाँ जनवादी राज्यव्यवस्था स्थापना गर्ने मूल लक्ष्यका साथ नयाँ जनवादी क्रान्तिको तयारीमा जुटिरहेको मोहन वैद्य'किरण' नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) यतिखेर जिल्लाहरूको भेला सम्मेलन सम्पन्न गर्दै धमाधम प्रदेश सम्मेलनमा जुटिरहेको छ । २५ र २६ कात्तिकमा ५ नं. प्रदेशको र २९ र ३० कात्तिकमा २ र ३ नं. प्रदेशको सम्मेलन सम्पन्न भइसकेका छन् । ७ नं. प्रदेशको भने आउँदो मंसिर ३ र ४ मा सम्पन्न हुने बताइएको छ । यतिबेला क्रान्तिकारी माओवादीका प्रदेश सम्मेलनहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिक्रियावादी शक्तिहरूको समेत ध्यान केन्द्रित भइरहेको छ । उनीहरूले क्रान्तिकारी माओवादीका यी सम्मेलनहरूलाई नजिकबाट नियालीरहेका छन् ।

क्रान्तिकारी माओवादीले नेपालमा नयाँ जनवादी क्रान्तिका लागि 'क्रान्तिकारी पार्टी, क्रान्तिकारी संयुक्त मोर्चा र क्रान्तिकारी जनसेना'लाई नभइनहुने तीन क्रान्तिकारी हतियारको रूपमा व्याख्या गर्दै आएको छ। यतिखेर क्रान्तिकारी माओवादी क्रान्तिका तीन हतियारमध्ये सबैभन्दा महत्वपूर्ण रूपमा रहेको पार्टी संगठनको *बाँकी ४ पेजमा*

## मधेशी जनता सीमा सुरक्षाका किल्ला हुन्: महासचिव किरण

### *'ठेक्कापट्टामा होइन सीमा सुरक्षाका लागि सेना परिचालन गर'*





**● किरण कर्ण**

जनकपुर । पार्टीको २ नं प्रदेशको प्रथम सम्मेलनको उद्घाटन गर्न जनकपुर पुग्नुभएका नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य किरणले भारतीय विस्तारवादको सीमा अतिक्रमणका विरुद्ध मधेसी जनता बारम्बार लड्दै आएको चर्चा गर्दै मधेसी जनता सीमा सुरक्षाको किल्ला भएको बताउनु भएको छ । पार्टी सम्मेलनको उद्घाटन गर्दै महासचिव किरणले वर्तमान सरकारको उल्टो बुद्धि भएका कारण सीमा सुरक्षा गर्न नसकेको बताउनु भयो । प्रथम सम्मेलनमा महासचिव मोहन वैद्य किरणले प्रतिक्रियावादी शक्तिहरूको नेतृत्वमा वर्तमान सरकार रहेकोले राष्ट्रियता संरक्षण गर्ने सवालमा गम्भिर नरहेको समेत बताए । उहाँले यो सरकार भारतले नेपाली सीमा मिचिरहँदा चुपचाप लागेर बस्नुले सरकारको विस्तारवादपरस्त दलाल चरित्र उदाङ्गो भएको बताउनु भयो।

पहाडी शासकहरूले मधेशी जनताको *बाँकी ८ पेजमा*

## क्रान्तिकारी माओवादी ५ नं प्रदेशको अधिवेशन सम्पन्न

### *प्रमोदको नेतृत्वमा ५७ सदस्यीय प्रदेश कमिटि गठन*



दाङ । नेकपा (क्रान्तिकारी माओवादी ) प्रदेश पाँचको प्रथम अधिबेशन सम्पन्न भएको छ । अधिवेशनले प्रमोदको नेतृत्वमा ५७ सदस्सीय प्रदेश कमिटी निर्वाचित गरेको छ। कमिटीको ५१ सदस्य पुर्ण र ६ जना बैकल्पिक सदस्य रहेका छन् । प्रमोद क्रान्तिकारी माओवादीका पोलिटब्युरो सदस्य समेत रहेका छन ।

त्यस्तै केन्द्रीय समितिबाट शिशिर, संकुल, जिवराज, समीर, पहाड, गर्जन र अर्जुन महिलाबाट सदस्यमा सिर्जना, निमकला र प्रतीज्ञा युवाबाट भुकम्प निर्वाचित भएका छन् । त्यस्तै प्रदेश अन्तरगतका १२ वटा जिल्ला मध्येबाट ११ जिल्लाबाट प्रदेश कमिटीमा प्रतिनिधित्व गराइएको छ । ५१ पुर्ण सदस्यमा १ जना रिक्त र ६ जना बैकल्पिक सदस्य पछि थप गरिने क्रान्तिकारी माओवादीले जनाएको छ ।

प्रदेश कमिटीमा कपिलबस्तुबाट सदस्यमा कमल, ज्ञानीराम ,अमर, आकाश, र छोटु रूपन्देहीबाट मणी, कुमार,बाबुराम ,रमेश,बाँकेबाट पीटी,शिशिर, विराट,सुरेश पश्चिम नवलपरासीबाट चोला , संकल्प र समर सदस्य निर्वाचित भएका छन ।

त्यस्तै अर्घाखाँचीबाट सदस्यमा ज्वाला र दुर्लभ पाल्पाबाट मानध्वज ,दाङबाट अजय,सरल,परिर्वतन, मदन बर्दियाबाट विपिन *बाँकी ४ पेजमा*

## भारतीय अतिक्रमणविरुद्ध सशक्त आन्दोलन गर्नुपर्ने सीपी गजुरेलको जोड




काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)का स्थायी समिति सदस्य एवम् देशभक्त तथा जनणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सीपी गजुरेलले जारी राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता तथा भौगोलिक अखण्डताको आन्दोलनलाई शिथिल बनाउन र मुद्दालाई निस्तेज पार्न गम्भीर षड्यन्त्र भइराखेको भन्दै सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्ति सचेत र सतर्क भएर आन्दोलनलाई सशक्त रूपमा *बाँकी ८ पेजमा*

## भारतीय अतिक्रमण विरुद्धको संघर्ष

***लिपुलेक, लिम्पियाधुरा र कालापानी माथि भारतको अतिक्रमण नै हो, लिम्पियाधुरा नै महाकाली नदीको वास्तविक मुहान हो र हाम्रो पश्चिमको सिमाना पनि त्यही हो भन्ने कुरामा यतिखेर नेपालमा आम सहमति जस्तै कायम भएको छ***



**● सीपी गजुरेल ●**

०७६ कात्तिक १६ (नवेम्बर २, १९१९) का दिन भारतको मोदी सरकारले पुनः नयाँ राजनीतिक नक्शा जारी गऱ्यो । भारतको मोदी सरकारले भारतीय संविघानको धारा ३७० खारेज गरे पछि भारतीय सिमालाई नयाँ ढंगले प्रदर्शन गर्ने उद्देश्यले जारि गरेको नयाँ नक्शामा पनि नेपालको ३७२ वर्ग कि मि (कसैले ३८५ वर्ग कि मि पनि लेखेका छन्) नेपालको भूभाग भारतले आफ्नो सिमा भित्र पारेको छ । दुई देशका वीचमा मन्त्रीस्तरीय बैठक बस्ने तय भैसकेको अवस्थामा केही दिन मात्र पनि नपर्खी एकतर्फी रूपमा उक्त नक्सा जारि गरेर नेपाली भूभागमा पर्ने कालापानीमा अतिक्रमण गरी भारतीय सेना परिचालन गरेको कुरालाई सही ठहऱ्याउने प्रयत्न गरेको छ। यसरी हाम्रो सार्वभौमिकता माथि दखल गरेको छ। यो अतिक्रमणको जति निन्दा गरे पनि कमै हुन्छ।

आज यो अतिक्रमणका विरुद्ध सर्वत्र विरोध भै रहेको छ, नेपालमा। कतिपय मानिसहरूले त यसलाई नौलो र नयाँ घटनाका रूपमा पनि बुझ्ने र व्याख्या गर्ने गरेको पनि पाइन्छ। तर, नेपाल र नेपालीकालागि यो भारतीय अतिक्रमण नयाँ भने होइन । यसै प्रकारको नक्शा केही वर्ष अघि भारतले जारि गरेर नेपाल पठाएको थियो । लिपुलेक, लिम्पियाधुरा र कालापानी भारतमा गाभिएको नक्शा यो सरकारका मन्त्रालयमा पनि टाँगिने गरेको थियो । ने क पा (क्रान्तिकारी *बाँकी ७ पेजमा*

## सम्पादकीय

# क्रान्तिकारी पार्टी निर्माणको सवाल

नेपालमा नयाँ जनवादी क्रान्तिको वकालत गर्ने विभिन्न कम्युनिस्ट पार्टीहरू छन् । नयाँ जनवादी क्रान्तिको वकालत गर्नेमध्ये केहीले 'माओ विचारधारा' भन्ने गरेका छन् भने केहीले 'माओवाद' । 'माओ विचारधारा' भन्ने गरेकाहरूसँग जनसंघर्षको लामो समृद्ध अनुभव त छ तर तीमध्ये कसैसंग पनि जनयुद्धको अनुभव छैन् । 'माओवाद' भन्ने र नेपालमा नयाँ जनवादी क्रान्तिको वकालत गर्ने एक मात्र वर्तमानमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) हो । र जनयुद्धको र जनसंघर्ष दुवैको समृद्ध अनुभव वर्तमानमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) सँग मात्रै छ । यसरी मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक पथप्रदर्शनमा नेपालमा नयाँ जनवादी क्रान्तिको वकालत गर्ने वर्तमानमा मोहन वैद्य'किरण'ले नेतृत्व गरेको नेकपा (क्रान्तिकारी माओवादी) एक मात्र त्यस्तो पार्टी हो, जोसँग जनयुद्ध र जनसंघर्ष दुवैको समृद्ध अनुभव छ ।

आत्मनिर्णयको अधिकारसहितको उत्पीडित जातीय पहिचानको आधारमा संघीयताको वकालत गर्ने क्रान्तिकारी माओवादी नै एक मात्र पार्टी हो । यही पार्टीले अहिले पनि वर्गीय मुक्ति र जातीय मुक्ति आन्दोलनलाई एकअर्कामा परिपूरक बनाएर लैजानु पर्ने वकालत गर्दै आएको छ । त्यसैगरी भन्नै पर्दछ कि क्रान्तिकारी माओवादी पार्टी नै यस्तो पार्टी हो, जसले राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको मुद्दालाई प्रखर रूपमा उठाउँदै आएको छ । यही पार्टीले नै भारतीय सीमा अतिक्रमण तथा हस्तक्षेपलाई विस्तारवादी हस्तक्षेप भन्दै त्यसका विरुद्ध निरन्तर संघर्ष गर्दै आएको छ र भारतसँग गरिएका सन् ५० लगायत सबै असमान सन्धि सम्झौताहरूको खारेजीको माग गर्दै आएको छ । यो पार्टी मात्र त्यस्तो पार्टी हो, जसले आफूलाई २८ सालको झापा विद्रोह, दशवर्षे महान जनयुद्धको सच्चा उत्तराधिकारीको रूपमा दावी प्रस्तुत गर्दै आएको छ । झापा विद्रोह र दशवर्षे जनयुद्धले उठान गरेका मुद्दाहरूलाई यो पार्टीले निरन्तर उठाउँदै आएको छ ।

एउटा कम्युनिस्ट क्रान्तिकारी पार्टीका लागि आवश्यक पर्ने विचार र राजनीतिमा श्रेष्ठता क्रान्तिकारी माओवादीका नीति, कार्यक्रम र योजनामा अभिव्यक्त भएको छ । तर त्यसका लागि आवश्यक पर्ने सांगठानिक प्रबलता यो पार्टीले आफूलाई खह्रो रूपमा उतार्न सकिरहेको छैन । यद्यपि निरन्तर प्रयासहरू जारी राखेको छ । सांगठानिक तुलनात्मक रूपमा कमजोर हुँदा विचार र राजनीतिमा आफ्नो श्रेष्ठता हुँदाहुँदै पनि त्यसलाई व्यवहारिक जीवनमा जनजनमा अनुभूति हुने गरी कार्यान्वयनको तहमा उतार्न सकिरहेको छैन । त्यसका लागि क्रान्तिकारी माओवादीको हकमा फेरि पनि संगठन र संघर्ष नै मुख्य चुनौतीको रूपमा रहेको देखिन्छ । यही चुनौतीको सामना गर्न क्रान्तिकारी माओवादीले पछिल्लो समय पार्टीका विभिन्न तहका सम्मेलन तथा भेलाहरूमा विशेष जोड दिइरहेको छ र क्रान्ति गर्न लायक पार्टी निर्माणमा जुटेको छ । देश र जनताका लागि यो खुशीको कुरा हो ।

विजयको सम्मुखमा पुगेको दशवर्षे जनयुद्धले खाएको सेटब्याक, जनयुद्धको नेतृत्व गरेको पार्टीमा आएको टुटफुट विभाजन, त्यसपछि पनि क्रान्तिकारी पार्टी निर्माण गर्ने क्रममा व्यहोर्नु परेको विभाजनका तथा दुई लाइन संघर्षका भीषण संघर्ष र कटु अनुभव सँगालेर अगाडि बढिरहेको नेकपा (क्रान्तिकारी माओवादी)का अगाडि थुप्रै चुनौतीका चाङ छन् । संशोधनवाद र अवसरवादले नराम्ररी गाँजेको नेपालको कम्युनिस्ट आन्दोलन, सामन्त, दलाल तथा नोकरशाही पुँजीवाद र भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको प्रत्यक्ष उपस्थिति र त्यसले पार्ने भ्रमलाई चिर्दै नेपालको क्रान्तिकारी कम्युनिस्ट आन्दोलनको नेतृत्व गर्नु आफैमा चुनौतीपूर्ण छ । तर संकटतर्फ धकेलिदै गरेको पुँजीवादी तथा साम्राज्यवादी व्यवस्था, चौतर्फी जनआक्रोश र जनअसन्तुष्टीको घेराबन्दीमा परेको घरेलु दलाल पुँजीवादमा आधारित संसदीय व्यवस्थाका विरुद्धमा उठ्दो जनआन्दोलनको सशक्त नेतृत्व गर्ने अवसर पैदा हुँदै गएको छ । त्यसका लागि क्रान्तिकारी माओवादीले आफूलाई वेलैमा तम्तयार पार्नु पर्ने देखिन्छ ।

मालेमावादी वैचारिक हतियारले स्पातिलो बनेको, जस्तोसुकै त्याग गर्न सक्ने तथा बलिदानीभावले ओतप्रोत, ठोस परिस्थितिको ठोस विश्लेषण गर्न सक्ने र तत्काल पहलकदमी गर्न सक्ने राजनीतिक क्षमताले समृद्ध, एकदमै चुस्त र गतिशील, उच्च क्रान्तिकारी नैतिकता र इमान्दारिता तथा निष्ठा-समर्पणभावले उँचाइ छुँदो व्यक्तित्व, विचार र व्यवहारमा सन्तुलन कायम गर्न सक्ने दक्षता, रणनीतिमा दृढता र कार्यनीतिमा लचकताका साथ कार्यदिशा र कार्यनीति अनुसारको सांगठनिक संरचनाहरू निर्माण गर्न खप्पिस, वर्गदुश्मनभित्रको अन्तरविरोधलाई परिचालन गर्ने र प्रधान दुश्मनका विरुद्ध सहायक दुश्मनलाई समेत परिचालन गर्न सक्ने, र उच्च मनोवल र इच्छाशक्तिसहित संकल्पबद्ध नेताहरूको श्रृङ्खलाबद्ध निर्माणबाट नै क्रान्तिकारी कम्युनिस्ट पार्टीको निर्माण गर्न सकिन्छ । यी सबै वर्गसंघर्ष र अन्तरसंघर्षको भीषण प्रक्रियाबाट गुज्रेर मात्र सम्भव छ ।

यो महान जिम्मेवारी पुरा गर्न एकातिर देशको राष्ट्रियता, जनतन्त्र र जनजीवीका सवालहरूका लागि जनवादी क्रान्तिका पक्षधर कम्युनिस्ट पार्टीहरूसित तात्कालीन र दृघकालीन रूपमा कार्यगत एकताका साथ अगाडि बढनका लागि पहलकदमी लिने र साथै देशमा विद्यमान देशभक्त तथा स्वतन्त्रताप्रमी जनसमुदाय तथा नागरिक समाज, वौद्धिक वर्गहरूसित एकतावद्ध भएर अगाडि बढन आवश्यक देखिन्छ । जसका लागि क.माओले भनेका क्रान्तिका तीन जादुगरी हतियार–पार्टी, सेना र संयुक्त मोर्चाको नीर्माणतर्फ सिंगो पार्टीलाई हिंडाउन नेकपा(क्रान्तिकारी माओवादी)ले बेलैमा ध्यान दिन जरुरी छ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com

# सैद्धान्तिक एवम् व्यावहारिक ज्ञानको समन्वयकारी भूमिकाको महत्वबारे



● पुष्प गोपाल श्रेष्ठ ●

*हामीले युद्ध संचालन गर्ने आफ्नो मनोगत सामर्थ्यलाई प्रयोग गर्न सक्छौँ र प्रयोग गर्नुपर्छ । हामी हाम्रो पार्टीका जिम्मेवार कुनै पनि नेता वा कार्यकर्ताहरूलाई जोशमा आँखाले नदेख्ने भएर गल्ति गर्ने अनुमति दिन सक्दैनौं मात्र होइन, देश र जनताले पनि त्यस्तो अनुमति दिने छैनन् । हामी निश्चित रूपले के चाहान्छौं भने हाम्रा प्रत्येक नेता र कार्यकर्ताहरू यस्तो बीर बनुन् जो बहादुर र बुद्धिमान दुबै हुन्छ र जसमा सब बिजयी साहस र सम्पूर्ण युद्धको क्रममा हुने परिवर्तनहरूमा स्थितिलाई सम्हाल्न सक्ने सामर्थ्यवान दुवै हुन्छ*

क्रान्तिकारी कम्युनिष्टहरूले अवश्य पनि यो कुरा बुझेको होला र बुझेकै हुनुपर्छ । क्रान्तिकारी युद्ध आम जनताको युद्ध हो र आम जनतालाई संचालित गरेर र उनीहरूमाथि भरोसा राखेर मात्र यसलाई चलाउन सकिन्छ । वर्तमान समयमा हाम्रो केन्द्रीय अभिभारा भनेको क्रान्तिकारी युद्धमा भाग लिन ब्यापक जनतालाई संचालित गर्नु, यस्तो युद्धद्वारा साम्राज्यवाद, विस्तारवाद, दलाल नोकरशाही पूँजीवादी, अर्ध-सामन्तवादी र अर्ध-औपनिवेशिक अर्ध-नवऔपनिवेशिक राज्य व्यवस्थाको तख्ता पल्टाउनु, मुलुकभर क्रान्तिलाई फैलाउनु र नेपालबाट साम्राज्यवाद विस्तारवाद तथा सम्पूर्ण प्रतिक्रियावादीहरूलाई धपाएर पठाउनु । खासमा भन्ने हो भने जसले यस केन्द्रीय अभिभारालाई पर्याप्त महत्व दिंदैन त्यो असल नेता र क्रान्तिकारी कार्यकर्ता होइन । यस गम्भिर विषयलाई हाम्रा कामरेडहरूले अत्यन्तै महत्वका साथ बुझेकै हुनुपर्छ र उनीहरूले कुनै हालतमा पनि ब्यापक जनताको तात्कालीक, उनीहरूको भलाईको समस्यालाई बेवास्त गर्ने छैनन् र त्यसको कम मूल्यांकन गर्ने छैनन् । किनभने निश्चय पनि क्रान्तिकारीहरूलाई यो थाहा हुनै पर्छ कि क्रान्तिकारी युद्ध शोषित पिडित आम जनताको युद्ध हो र आम जनतालाई संचालित गरेर र उनीहरूमाथि भरोसा राखेर मात्र सही सलामत यसलाई चलाउन सकिन्छ ।

क्रान्तिकारी आन्दोलन वा युद्ध चलाउन जनतालाई संचालित गर्नु अपरिहार्य छ । हाम्रो नेपाल कृषि प्रधान देश भएकाले यहाँका अत्यधिक श्रमिक जनता भनेका किसानहरू नै हुन् । यसो भन्दै गर्दा हामीले अत्यन्तै महत्वका साथ ख्याल गर्नु पर्ने कुरो के हो भने क्रान्तिकारी आन्दोलन (युद्ध) चलाउनका लागि जनतालाई संचालित मात्र गर्छौं र अरु कुनै काम गर्दैनौं भने के हामी शत्रुलाई पराजित गर्न सक्छौं ? अवश्य पनि सक्दैनौं । विजय प्राप्त गर्ने हो भने यसैसँग सम्बन्धित हामीले अरु धेरै काम गर्नुपर्छ । हामीले जमिनको लागि किसान संघर्षहरूको नेतृत्व गर्नु पर्छ र उनीहरू मध्ये भूमिहिन किसान र गरिव किसानहरूमा समूचित ढङ्गले जमिनको वितरण गर्नुपर्छ, उनीहरूको श्रम-उत्साहलाई बढाउनुपर्छ र कृषि उत्पादनमा बृद्धि गर्नुपर्छ, मजदुरहरूका हक-हितहरूको रक्षा गर्नु पर्छ र राज्यको बेथिति र गैर जिम्मेवारी प्रवृत्तिले गर्दा चौतर्फि मार खपेर जिउन बाध्य आम-जनताको सामु रहेका खाद्यान्न, वास तथा कपडा, इन्धन, चामल, खानेतेल, नुन, रोग तथा स्वास्थ्य रक्षा र अन्य सामाजिक व्यवहारका समस्याहरू समाधान गर्ने प्रति हाम्रो ध्यान जानुपर्छ । हामीले यसो गऱ्यौं र गर्न सक्यौं भने आम जनताले अवस्य नै हामीलाई समर्थन गर्नेछन् र क्रान्तिलाई आफ्नो सबभन्दा गौरवशाली झण्डा, आफ्नो जीवन, ठान्नेछन् ।

विश्व-मानव-समाजको विकास क्रममा एक प्रकारको जूका (सुलुप्या ब leech) यी मानव समाजका दुष्ट-जनहरू (फासिष्ट तानाशाहहरू) ले आदिमकाल देखि भने जस्तो विशेषतः पितृसतात्मक युगदेखि दुनियाँलाई पंगु बनाई आफ्नो लुटको संसार कायम् राख्न आध्यात्मवादको चक्रब्यूह रचेर "कर्म गर फलको आशा नगर" भन्ने जस्ता सन्देश फिंजाई, धर्म-कर्मका नाउँमा धार्मिक आर्थिक, सामाजिक तथा राजनीतिका अनेकन संजाल फिंजाई त्यसभित्र आफ्नो पूर्ण सुरक्षाको निम्ति समय सापेक्ष अत्याधुनिक सशस्त्रधारी सेनाहरूको फलामे बार (किल्ला) भित्र सुरक्षित रहिआएका त्यस्ता दुष्टजन फासिष्ट तानाशाहीहरू विरुद्ध, जव दुनियामा मजदुर, किसान र श्रमजीवी जनता सचेत भई जुरमुराएर पुरै तयारीका साथ सशस्त्र संघर्षमा उत्रीन थाल्दछ, तव त्यस्ता दुनियाँ-मारा फासिवादी तानाशाहाहरूको तख्ता उल्टेको मात्र होइन, त्यस्ताको नामोनिशान नै मेटेर गएको ऐतिहासिक उदाहरण लेनिनको नेतृत्वमा रुसमा अक्टुवर क्रान्ति सम्पन्न भएको छ भने माओको नेतृत्वमा चिनमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएको हाम्रो सामू ज्वलन्त उदाहरणहरू छन् ।

क्रान्तिकारीहरूले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो भनेको, फलामको सच्चा किल्ला भनेको के हो त ? फलामको सच्चा किल्ला भनेको शोषित पिडित आम जनता हुन्, क्रान्तिलाई साँच्चिकै र दिलैदेखि समर्थन गर्ने करोडौं जनता हुन् । त्यो यस्तो सच्चा फलामे किल्ला हो, जस्लाई संसारका कुनै पनि फासिवादी तानाशाहाहरूको शक्तिले कुनै हालतमा पनि ध्वस्त पार्न सक्दैन । प्रतिक्रान्तिले पनि हामीलाई छुन र नष्ट पार्न सक्दैन, बरु त्यसको उल्टो हामी त्यसलाई ध्वस्त पार्नेछौँ । करोडौं शोषित पिडित जनतालाई क्रान्तिकारी पार्टीको वरिपरि एकत्रित गरेर र आफ्नो क्रान्तिकारी आन्दोलन (युद्ध) को प्रसार गरेर हामीले सम्पूर्ण फासिवाद र प्रतिक्रान्तिलाई मिटाउने छौँ र हाम्रो सिङ्गो नेपालमाथि हामी अधिकार जमाउने छौँ ।

वर्तमान नेपालमा विभिन्न प्रकारका साम्राज्यवादी, विस्तारवादी शक्तिहरूको हालीमुहाली बढ्दै गई रहेको छ । दलाल नोकरशाही राज्यसंयन्त्र बाहिरी रूप हेर्दा शक्तिशाली बन्दै गईरहेको जस्तो देखिन्छ तर भित्री रूपमा बिलकूल खोक्रो अपनत्व भन्ने नामनिशान नै छैन, अर्थात किशानहरूले आफ्नो खेत-बारीमा पशु-पंछीबाट बाली नाली जोगाउन ठड्याई राख्ने नेपाली अनुहारका ती बुँखयाचा (Scarecrow) को रूप रेखा बन्दै गइरहेको छ । सामन्ति संस्कृतिले विद्यमान राज्य संरचनालाई यथास्थितिमा कायम राख्न आधार प्रदान गरिरहेको छ । यस प्रकारका विभिन्न कारणहरूले गर्दा नेपाली समाज, अर्ध-सामन्ति तथा अर्ध-औपनिवेशिक नवऔपनिवेशिक स्थितिबाट गुज्रिरहेको छ । जसबाट नेपाल र नेपाली समाजलाई मुक्तिको निम्ति बल प्रयोग एक अनिवार्य सर्त बन्न पुगेको छ ।

हामी क्रान्तिकारी युद्धका नेता तथा संगठन कर्ता र साथै आम-जनताको जीवनका नेता र संगठनकर्ता पनि हौं । क्रान्तिकारी *बाँकी ७ पेजमा*

सैनामैना नगरपालिकाको अनुरोध

१. नगर विकासमा सकारात्मक सहभागिता जनाउने र नगरपालिकालाई स्वच्छ र हराभरा कायम राख्न सहयोग गरौं ।

२. घरआँगन, सडकपेटी सफा राखौं, पाटीपौवा र पोखरीहरूको संरक्षण र सम्बर्द्धन गरौं ।

३. वातावरणीय मैत्री बनाउन प्रतिबद्ध बनौं ।

४. जेष्ठ नागरिक, एकल महिला एवं अपाङ्ग भएका व्यक्तिहरूका लागि वितरण गरिने भत्ता प्रत्येक वर्षको साउनदेखि मंसिरसम्म नवीकरण गरौं, गराउँ साथै लक्षित कार्यक्रममा हुनसक्ने दुरूपयोगमा खबरदारी गरौं ।

५. जन्म, मृत्यु, बसाइँसराइँ, बिबाह दर्ता र सम्बन्ध-बिच्छेदजस्ता व्यक्तिगत घटनाहरूको दर्ता ३५ दिनभित्रै आफूले पनि गरौं । अरुलाई पनि व्यक्तिगत घटनाहरूको दर्ताको लागि प्रेरित गरौं ।

६. नगर क्षेत्र तपाइकै हो । यसलाई समृद्ध बनाउन आफ्नो तर्फबाट सकेजति सहयोग गरौं ।


सैनामैना नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बुद्धनगर, रूपन्देही

## संसदीय सरकारको प्रमुख काम

# उपभोग्य वस्तु सबै आयात युवा जनशक्ति सबै निर्यात



● घननाथ सापकोटा ●

**नेपाली भूमि कालापानीमा आफ्नो सैन्य ब्यारेकै राखेको छ । भर्खरमात्र नेपाली भूमि लिपुलेक, कालापानी , लिम्पियाधुरा आफ्नो नक्सामा समावेश गरेर सार्वजनिक गरेको छ । नेपालको दलाल सरकारले नेपाली भूमि फिर्ता गर्न कुनै पहलै गरेको छैन । हस्तक्षेपका विरूद्ध आवाज उठाउँदा हाम्रा नागरिक मार्दछ । समयसमयमा आर्थिक नाकाबन्दी लगाउँछ । जसका कारण यो देस बस्नलायक भएन भनेर युवाहरूले भनिरहेका छन्**

पछिल्लो दुईदशकयता नेपाली युवा युवतीहरू रोजगारीको लागि विदेसिने कार्य अत्यधिक बडेर गएको छ । खासैमा भन्नुपर्दा उनीहरूले भित्र्याएको रेमिट्यान्सबाट देसको अर्थतन्त्र धानिएको छ । जुन देसको जल्दोबल्दो युवाशक्ति विदेस पलायन हुन्छ भने त्यो देसको आर्थिक,सामाजिक,राजनैतिक विकास कसरी हुन्छ ? हाम्रो देस नेपालले उपभोग्यबस्तु सबै आयात गर्दछ । नेपाली जनताका छोराछोरी मात्र निर्यात गर्दछ । साँच्चै देसको आर्थिक उन्नति गर्ने हो भने उपभोग्यवस्तु सबै निर्यात गर्ने र अरु देसका युवाहरू समेत आयात गरेर देसको उन्नतिमा लगाउन पर्दथ्यो । दक्षिणकोरिया, मलेसिया, अष्ट्रेलिया, साउदीअरब, डेनमार्क, कतार, कुबेत, इराक आदि देसहरूले अरु देसका युवाहरूलाई श्रमरोजगार दिएर देसको आर्थिक विकास गरेका छन् । उत्पादित बस्तु निर्यात गरेका छन् । यसरी पुँजीको विकास गरेका छन् । हाम्रो देसले युवाशक्ति निर्यात गर्दछ यसकारण कङ्गाल भएको छ । हाम्रो देसका नेताहरू युवाहरू विदेस पलायन हुनुलाई गर्व मान्दछन्, विभिन्न देसमा श्रम रोजगार खुला गरेर देसका युवाहरूलाई विदेश पठाउनमा उनीहरू गौरवको विषय ठान्दछन् । ओली सरकारले समृद्ध नेपाल र सुखी नेपालीको नारा अगाडि सारेका छ । यो नारा नारामा मात्र सिमित हुन गएको छ । समृद्ध नेपाल सुखी नेपाली त सत्तामा गएका र सत्तामै पहुँच भएका व्यक्तिलाई मात्र हुन गएको छ । आम श्रमजीवी जनतालाई यो नारा आकासको फल आँखाँ तरी मर हुन गएको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम आफ्ना पार्टीका कार्यकर्तालाई राष्ट्रको ढुकुटी बाँडेर आजभोली गुपचुप भएको छ । यसरी देसको युवाशक्ति पलायन हुनका निम्नकारणहरू बुझ्न सकिन्छ ।

१) सुशासनः– कुनै पनि देसको नागरिक ढुक्क र सुखसङ्ग बाँच्नको लागि त्यो देसमा सुशासन हुनुपर्दछ । नागरिक ढुक्क र सुखसङ्ग बाँच्यो भने मात्र उसले देसलाई श्रम र सेवा गर्न सक्दछ, तबमात्र देश उन्नतिको बाटोमा अगाडि बड्दछ । नेपालमा राज्यको तर्फबाट मौलिक हक अन्तर्गत जनताले पाउन पर्ने शिक्षा , स्वास्थ्य , रोजगार र सुरक्षाको प्रत्याभूति यहाँ छैन । यी सबै विषयहरू सत्ता सरकारका आफन्तहरूको लागि मात्र भएको छ । शिक्षामा प्राप्त हुने छात्रवृत्ति पहुँच हुँनेका लागि, स्वास्थ्य पहुँच हुनेका लागि, रोजगार पहुँच हुनेका लागि, न्याय पहुँच हुनेका लागि । यी माथिका विषय सत्ताभन्दा बाहिर रहेका पार्टीका मान्छे र सर्वसाधारण जनताले च्याउन पनि पाँउदैनन् । सत्तामा बसेका मान्छेले यहाँ जे गरेपनि हुन्छ जस्तोसुकै अपराध गरेपनि उनीहरूलाई छुट हुन्छ । प्रहरी प्रशासन र न्यायालयले उनीहरूका विरुद्धमा उजुरी दर्ता गर्दैन । सामान्य जनताले सामान्य गल्ती गर्दापनि कार्बाइ गर्ने गोली हान्नेसमेत गरिन्छ । तपाँइँ भन्नुहोला सत्ताका मान्छेहरू पनि धमाधम कार्बाइमा परेका छन् । यो त अति भएर यो देसमा सुशासन छ भनेर राष्ट्रिय अन्तर्राष्ट्रियरूपमा आँखाँमा छारो हाल्न एकाध घटना बाहिर ल्याइएको हो । होइन भने यस्ता अपराधीहरू त यो देसमा कति छन् कति, भ्रष्टाचार कति मौलाएको छ । चुनाव आफ्नो प्रभावमा पार्न दलाल कमिसनखोरबाट कमिसन लिएर देसमा महङ्गी बढाएर जनताको ढाड सेकाइएको छ । देसको सम्पुर्ण ढुकुटी सत्तामा बसेका व्यक्तिहरूले आफ्नो निजि प्रयोजनको लागि राँइ दाँइ छ । ३३ किलो सुनकाण्ड, वाइडबडीकाण्ड, एनसेलकाण्ड, आयलनिगमकाण्ड , जनमुक्तिसेनाको क्याण्टेण्टमेण्टकाण्ड, अजय सुमार्गीकाण्ड, बालुवाटार जग्गाकाण्ड, टुँडिखेल जग्गाकाण्डआदि । यसको विरोध गर्ने र भिन्न विचार राख्ने व्यक्तिलाई सत्ताधारीले अरिङ्गाल बनेर जाइ लाग भन्छ र सत्ताबाट संरक्षित चुल्ठे मुन्द्रेहरू घर घेरा हाल्ने ,चोक चौतारामा लाठि,भाला गरेर आतङ्क फैलाउने काम गरिन्छ । यस परिस्थितिमा कसरी बस्छ युवा देसमा ?

२) वैज्ञानिक तथा व्यावहारिक शिक्षाको अभाव :– नेपालको शिक्षा व्यावहारिक र वैज्ञानिक छैन । विद्यार्थीले हासिल गरेको शिक्षा जीवनोपयोगी छैन । हाम्रो शिक्षानीति नै अरु देसको नक्कल गरिएको छ । कृषि, पर्यटन, पशुपालन, सानासाना घरेलुउद्योग सञ्चालनको लागि उपयोगी शिक्षाको अभाव छ । आजभन्दा १०–१५ वर्ष अगाडि नितान्त जागिर खानको लागि पढ्ने भन्ने हुन्थ्यो भने हाल आएर विदेश जानकोलागि पढ्ने भन्ने सोचको विकास भएको छ । +२ गरेपछि युवाहरूको ध्यान विदेसतिर तानिन थाल्दछ ।

३) बेरोजगार :–सरकारले आफ्नो देसको युवा जनशक्तिलाई देसमा रोक्नको लागि रोजगार सृजना गर्नुपर्दछ तर सरकार यो काम गर्दैन । देसको ढुकुटी तलबभत्ता, विदेसभ्रमण र भ्रष्टाचारमा स्वाहा पार्दछ । देसमा उद्योगधन्दाहरू खोलेर रोजगार सृजना गर्नपट्टी ध्यानै छैन । विदेसी दातृराष्ट्रहरूले खोलिदिएको राष्ट्रिय उद्योगधन्दाहरूपनि कौडीको मुल्यमा बेचेर खाए । देसमा भएका केहि सिमित रोजगारहरू सत्तामा भएका व्यक्तिका आफन्तहरूलाई ठिक्क छ , युवाहरू रोजगारको लागि विदेसिन वाध्य छ । अनि कसरी बस्दछ युवा देसमा ?

४) विभेद :– देसमा विभेद चर्को छ । हिजो राणा र पञ्चायतका पालामा जुन खालको विभेद थियो त्यै अझ विकास भएर गएको छ । उपल्लो जातले तल्लो जातलाई हेप्ने , धनीले गरिबलाई, पढेकोले नपढेकोलाई, पाहाडले मधेसलाई, हाकिमले तल्लो स्तरको कर्मचारीलाई, सहरमा बसेकोले गाउँमा बसेकालाई यो कारणले पनि युवा विदेसिएको छ ।

५) अस्वस्थ राजनीति :– नेपालमा स्वस्थ राजनीति छैन । राजनीति देस र जनताको भन्दापनि सत्ता प्राप्त गर्न र दलिय स्वार्थ र निजि स्वार्थको लागि गरिञ्छ, शान्तिपूर्णरूपमा आफ्ना पार्टीका विचार, सिद्धान्त जनताका बिचमा राखेर जनताको मन जित्न भन्दापनि पैसा र शक्तिको बलमा आफु सत्तामा पुग्ने र अरु विचारमाथि कानुनको डण्डा लगाएर हुन्छ कि, गुण्डागर्दी गरेर हुन्छ कि समाप्त पार्ने खेल नै नेपालमा छ । २०७३ को भरतपुर महानगरपालिकाको चुनावलाई हेरे उदाहरण काफी छ । थ्रेसहोल्ड लगाएर हुन्छ कि अरु षडयन्त्र गरेर हुन्छ देसका पहुँच भएका ठुला पार्टीबाहेक अरुलाई यहाँ प्रतिस्पर्धाको राजनीतिबाट वञ्चित गरिएको छ । राजनीतिमा अपराधीकरण र भ्रष्टिकरण बढेर गएको छ । सत्तामा बसेका सांसद र मन्त्रीहरू नागरिक हत्या र भ्रष्टाचारमा चुर्लुम्म डुबेका छन् । यो देसको सभामुखलाई यौन दुराचारको आरोप लाग्छ । मन्त्रीलाई चुनाव आफ्नो कब्जामा पार्न जिउँदै मान्छेलाई रौतहटको राजापुरको इँटाभट्टामा हालेर मारेको आरोप लाग्छ । गौर हत्याकाण्ड,यस्ता त कति छन् कति ! कसरी बस्दछ युवा देसमा ।

६) ज्ञान क्षमताको कदर नहुनु :– नेपाली युवाहरूले आफ्नो घर खेत गरेर देस विदेस गएर अध्ययन गरेर केहि ज्ञान क्षमता हासिल गरेका हुन्छन् । ति युवाहरूले हासिल गरेको ज्ञान क्षमताको कदर र सदुपयोग देसले गरेको छैन । न त उसको क्षमता अनुसार रोजगार दिएको छ । न त कुनै वैज्ञानिकलाई आफ्नो ज्ञान, अनुभव प्रदर्शन गर्ने अवसर तथा वातावरण प्रदान गरेको छ ! कसरी बस्छ युवा देसमा ?

७) सुरक्षाको ग्यारेण्टी नहुनु :– कुनै पनि व्यक्तिलाई कुनैपनि गाउँमा स्थायित्व हुनको लागि सुरक्षाको पुर्णरूपमा ग्यारेण्टी हुनुपर्दछ । यहाँ दिनहुँजसो सडक दुर्घटनाबाट नागरिक मरिरहन्छन, यहाँ नागरिक अपहरण हुन्छ । राज्य र तस्कर दुबैबाट गोली हानेर मान्छे मारिन्छ । यहाँ भारतीयहरू दिन दाहाडै देसभित्र पसेर नेपाली नागरिकलाई गोली हानेर मारिन्छ । महिला तथा वालिकाहरू बलात्कार हुने घटना यो देसमा सामान्य बनेको छ । महिलाहरूलाई एसिड छर्कने, दाइजोको नाममा मारिने घटना दैनिकीजस्तो भएको छ । महिलाहरू विदेशमा बेचिन्छन् । भारतबाट मजदुरी गरेर ल्याएको ज्याला रकम सिमानामा लुटिन्छ अनि कसरी बस्दछ युवा ?

८) जनमुखी प्रहरी प्रशासनको अभाव :– यो देसको प्रहरीले निष्पक्षरूपमा जनतालाई न्याय दिँदैन, प्रहरी कोही न कोहीबाट प्रभावित बन्दछ वा बन्न वाध्य पारिन्छ । कञ्चनपुरकि निर्मला पन्तलाई प्रहरीले न्याय दिएन, रौतहटको राजापुर घटनामा पनि प्रहरी चुकेकै छ । , यि त उदाहरणमात्र हो । यस्ता घटना कति छन् कति पुलिस सेनाको काम जनतालाई सुरक्षा दिने, देसको सार्वभौमसत्ताको रक्षा गर्नु हो, जनता न्याय नपाएर रोइरहेका छन् । देसीविदेसीले प्रत्यक्ष सिमा अतिक्रमण गरेको छ । सेना, प्रहरी विद्यालय पेट्रोलपम्पलगायत उद्योग स्थापना गरेर व्यवसायतिर लागेको छ । व्यवसाय त अन्य नागरिकले गर्ने होलानि ? गाउँगाउँमा प्रहरीले जनतालाई न्यायको प्रत्याभूति गराउने अन्यायमा परेका नागरिकले सर्वसुलभ तबरबाट न्याय प्राप्त गर्ने अन्याय गर्नेले कानुन बमोजिमको सजाय हुनुपर्नेमा सानासाना विषयलाई लिएर जनतालाई थकाउने, गलाउने र पैसा सङ्कलन गर्नेमा मात्र ध्यान गएको देखिन्छ । प्रहरीको काम गराइमा कहिँ न कहिँ त्रुटि भएकै कारणले होला जनतालाई मुस्कान सेवा दिने भनेर भनियो , यो नारा कागजमा मात्र सिमित हुन गएको छ । कसरी बस्छ युवा देसमा ?

९) न्यायमा जनताको पहुँच नहुनु :– यो देसको न्याय जनताको पहुँचमा छैन । न्याय प्रणाली परम्परावादी खालको , खर्चिलो र ढिलासुस्ती छ । सत्ताधारी र पहुँचवालाहरूबाट प्रभावित छ । तपाईँको कम्मल गाईले खाइदियो भन्ने खालको छ । सर्वसाधारणले अन्यायमा पर्दा मैले न्याय पाँउछु भन्ने ढुक्कता छैन । कतिपय अवस्थामा न्याय सम्पादन गर्नेहरूले न्यायालयमा आर्थिक अपचलन भएको विषय स्वीकारिएको पनि छ । कसरी बस्दछ युवा देसमा ?

१०. खर्चिलो भड्किलो जीवनशैली :– देसमा कुनैपनि उपभोग्य वस्तुको उत्पादन छैन । सबै वस्तु बाहिरबाट आयात गरिन्छ । बाहिरबाट आयात गरेको वस्तुहरू महङ्गा पर्न जान्छन् । सत्तामा पहुँच भएकाहरू लुट भ्रष्टाचार गरेर खर्चिलो र भड्किलो जीवनशैली अपनाइरहेका हुन्छन् । अरु सामान्य नागरिकले पनि त्यसको देखासिकि गर्दा ऋण लागेर वा उक्त खर्चको जोहो गर्न विदेश भासिन पर्ने हुन गएको छ ।

११.वैदेशिक हस्तक्षेप :– हाम्रो देसमा आर्थिक, भौतिक, राजनैतिक, सांस्कृतिकरूपमा वैदेशिक हस्तक्षेप चर्को छ । मुख्य गरेर भारतले हाम्रो भूमि हजारौँ ठाउँमा मिचेको छ । नेपाली भूमि कालापानीमा आफ्नो सैन्य ब्यारेकै राखेको छ । भर्खरमात्र नेपाली भूमि लिपुलेक, कालापानी , लिम्पियाधुरा आफ्नो नक्सामा समावेश गरेर सार्वजनिक गरेको छ । नेपालको दलाल सरकारले नेपाली भूमि फिर्ता गर्न कुनै पहलै गरेको छैन । हस्तक्षेपका विरुद्ध आवाज उठाउँदा हाम्रा नागरिक मार्दछ । समयसमयमा आर्थिक नाकाबन्दी लगाउँछ । जसका कारण यो देस बस्नलायक भएन भनेर युवाहरूले भनिरहेका छन् ।

१२. झञ्झटिलो प्रशासन :– यो देसमा केहि व्यवसाय, उद्योगधन्दा खोलौँ भनेर लाग्दा झञ्झटिलो प्रशासन संयन्त्र छ । पचासौँ ठाउँमा चर्को कर तिर्नुपर्ने, हरेक हरेक ठाउँमा प्रशासनिक अड्चन खडा गरेर उत्पादन सुरु हुने वेलासम्म स्वीकृति गराउन विलम्व हुन्छ कतै स्थापना भइहाले पनि विभिन्न प्रशासनिक झञ्झट र राजनैतिक पार्टीहरूलाई चन्दा दिँदा व्यवसाय धराशायी हुने गरेको छ ।

१३. सार्वजनिक ठाउँमा दुर्व्यवहार :– गाडीमा यात्रा गर्दा होस् या डक्टरसङ्ग स्वास्थ्य जाँच गर्न जाँदा पनि वृद्ध जेष्ठ नागरिकलाई दुर्व्यवहार गरिन्छ ए वुढा भाडा ल्याउ भनेर निच भाषा प्रयोग गरिन्छ । डक्टरले पनि जेष्ठ नागरिकले आफ्नो समस्या राख्दा अब २५ वर्षको भइने होइन क्यारे भनेर चित्त दुख्ने भाषा र व्यवहार गरिन्छ । सार्वजनिक ठाउँमा महिलाहरूमाथि पनि दुर्व्यवहार गरिन्छ । जेष्ठ नागरिक र महिलाहरूलाई विशेष सुविधाको व्यवस्था गरिएको छैन । गरिब, निमुखालाई हुने खानेले हेप्ने काम गरिन्छ । कुनै पनि सार्वजनिक ठाउँमा सक्नेले निमुखालाई हेप्ने काम प्रशस्त गरिन्छ । ठाउँ कुठाउँ चर्को गाडीका हर्न प्रयोग गरिन्छ, ठाउँ कुठाउँबाट सडकमा ओभर टेक् गरिन्छ । आफ्नो अधिकार प्रयोग गर्दा अर्काको अधिकार प्रशस्त हनन गरिन्छ । कसरी बस्दछ युवा देसमा ?

१४.फोहोर व्यवस्थापन :– हामी जहिँ तहिँ देख्न सक्दछौँ बाटो घाटो खोला नहर पाटी पौवा सार्वजनिक स्थल , पानीका स्रोत धारामा यत्रतत्र फोहोर फालिएको छ जसले गर्दा वातावरण दुर्गन्धित र प्रदुषित बन्न गएको छ । जथाभावी अव्यवस्थित तबरबाट उद्योगधन्दा सञ्चालन गरिएको छ जसको नियमन कहिँबाट भएको छैन । जथाभावी रासायनिक विषादी छर्नाले वायुमण्डल प्रदुषण भएको छ । कसरी बस्दछ युवा देसमा ?

निष्कर्ष :– यी यावत् समस्याहरू छन् फेरि पनि यो पङ्क्तिकारले एउटा कथा पढेको थियो । जङ्गलको एक रुखमा एकजोडी कागको वास थियो, त्यसै रुखमा एउटा ठुलो सर्प पनि बस्दथ्यो । त्यो सर्पले कागले बच्चा कोरल्ने बित्तिकै गुँडमा गएर कागका बच्चा खाइदिन्थ्यो , सर्प कागभन्दा बलियो पनि थियो । कागका भालेपोथीले कहिल्यै पनि आफ्नो सन्तानको मुख देख्न पाएका थिएनन् । एकदिन दिक्क भएर पोथी कागले भाले कागसङ्ग रुँदै भनि यो दुष्ट सर्पले हाम्रा सबै सन्तान खाइदियो हामीले कहिल्यै सन्तानको मुख देख्न पाएनौँ यसकारण हामी अन्तै बसाइँ जाऔँ यस ठाउँलाई छोडौँ भनेर पोथी कागले भनि , त्यसपछि एकछिन विचार गरेर भाले कागले भन्यो हामी यो शत्रुबाट डराएर हाम्रो घर छाडेर भाग्नु हुन्न बरु यो दुष्ट हाम्रो शत्रु सर्पलाई धुलो पिठो पारेर मारेर हामी आनन्दसङ्ग हाम्रो घरमा बस्नु पर्दछ । पोथी कागले भनि उ हामीभन्दा बलियो छ यो कसरी सम्भव होला र त्यसपछि भाले कागले म कुनै पनि जुक्ति लगाएर यो काम सफल गरेरै छाड्छु भनेर उडेर गयो । एक पोखरीमा राजकुमारीले हिराको हार पोखरीको डिलमा फुकालेर राखेर नुहाउन लागेकी थिइन कागले उक्त हिराको हार टिपेर चुच्चोमा लिएर उड्यो र त्यहि आफ्नो शत्रु सर्प बस्ने ठाउँमा खसालिदियो । उता राजकुमारीको हार कागले टिपेर लगेको राजकुमारीका पालेपहराहरूले देखेका थिए । उनीहरू कागको पिछा गर्दै गए कागले हिराको हार खसालेको रुखमा चढे हार खसालेको ठाउँमा ठुलो सर्प रहेछ मान्छेलाई देख्ने बित्तिक्कै सर्पले फणा उठायो उसलाई ति पालेहरूले कम्मरको डण्डा निकालेर टाउकामा हानेर मारिदिए र हिराको हार निकालेर लगे । त्यसदिनदेखि कागका भालेपोथीलाई दुख दिने सर्प मारियो र उनीहरू आनन्दसङ्ग बस्न थाले । हामी पनि समस्या छ भनेर आफ्नो देस आफ्नो घर छाडेर विदेस लाग्ने होइन कागका भालेपोथीजस्तै ज्ञानखुबी, क्षमता प्रदर्शन गरेर यि माथिका यावत् समस्या र यि समस्या पैदा गर्ने पात्र विशेष विरुद्ध सङ्घर्ष गरेर हाम्रो देस नेपाललाई हामीमात्र होइन हाम्रा भावी पुस्तालाई बस्न योग्य बनाउने जिम्मा तपाइँ हामी युवाको काँधमा आएको छ । समस्या र क्षणिक स्वार्थ सुविधा देखेर विदेस लाग्ने हैन यो देश हामीले नबनाए कसले बनाउने ? अहिले नबनाए कहिले बनाउने ? हामी जुन देसमा गएको छौँ त्यहाँ पनि त्यहाँका जनताले दुख कष्ट मेहनत गरेर त्यस अवस्थामा पुर्‍याएका छन् । ति देसहरू पनि हिजो हाम्रो देसजस्तै भोक, रोग, अशिक्षा, भ्रष्टाचार अवश्य थियो यसका विरुद्ध सङ्घर्ष गरेर नै यस अवस्थामा आएको हो । यो कुरा हामी नेपालीले बुझेर शिक्षा लिनु जरुरी छ । राजनैतिक तबरबाट यि समस्यालाई समाधान खोज्न पर्दा जनगणतन्त्र हुँदै वैज्ञानिक समाजवादले मात्र यि यावत् समस्याबाट नेपाली जनता मुक्त हुने छन् । जनगणतन्त्र प्राप्त गर्नको लागि मार्क्सवाद–लेनिनवाद–माओवादी विचारले युक्त भएको क्रान्तिकारी कम्युनिष्ट पार्टीमा सङ्गठित भएर विशाल जनसङ्घर्षबाट यो लक्ष्य प्राप्त गर्न सकिन्छ । नेपालमा यो कामको जिम्माको अभिभारा मोहन वैद्य (किरण) ले नेतृत्व गरेको नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) लाई छ । यसकारण सबै क्रान्तिकारी नेपाली जनता यहि पार्टीमा सङ्गठित भई सबैप्रकारका समस्याबाट नेपाल र नेपाली जनतालाई मुक्त बनाउनै पर्दछ । ढिलो चाँडो अर्को विकल्प नेपाली जनता अगाडि छैन ।

वर्गदृष्टि
Bargadristi Weekly साप्ताहिक

## भारतद्वारा गरिएको सीमा अतिक्रमणविरूद्ध सीमाविद बुद्धिनारायण श्रेष्ठ के भन्दछन्

# 'लिम्पियाधुरा विवाद हेग लानुपर्ने हुन सक्छ'



काठमाडौं । सीमाविद् एवं भूगोलविद् बुद्धिनारायण श्रेष्ठका नापी, सिमाना र सिमाना व्यवस्थापन सम्बन्धी एक दर्जन भन्दा बढी पुस्तक प्रकाशित छन् । 'नेपालको सिमाना' पुस्तकका लागि २०५७ सालमा मदन पुरस्कार प्राप्त गरेका श्रेष्ठ नापी विभागका पूर्वमहानिर्देशक हुन् । नक्सासम्बन्धी अध्ययनका लागि हाल अमेरिका पुगेका श्रेष्ठ भारतले सार्वजनिक गरेको राजनीतिक नक्साले नेपालको अतिक्रमित भूभागलाई 'वैधता' दिन खोजेको बताउँछन् । नेपालको ३७२ वर्गकिलोमिटर भूभाग आफ्नो पार्ने भारतीय प्रयासविरुद्ध नेपालले सकेसम्म सौहार्दपूर्ण वार्ताबाटै समाधान खोज्नुपर्ने र त्यसो हुन नसके नेपालले अन्तराष्ट्रिय अदालत गुहार्नुपर्ने उनको सुझाव छ ।

भारतले पहिलादेखि नै हाम्रो भूभागसमेत आफ्नो नक्सामा देखाउने गरेको सत्य हो । कालापानीमा मात्रै होइन सुस्ता लगायतका क्षेत्रमा पनि विवाद छ । तर, यसपटक भारतको आधिकारिक निकाय 'सर्वे अफ इन्डिया' ले नै हाम्रो भूमि आफ्नोमा पारेर नक्सा निकालेकाले विरोध भएको हो । त्यो नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुरा जस्ता नेपाली भूभाग भारततिर देखाइएको छ । जसमा ३७२ वर्गकिलोमिटर हाम्रो क्षेत्र उनीहरूकोमा पारिएको छ ।

पुस्तक प्रकाशक, नक्सा प्रकाशक वा मानसरोवरमा पर्यटक लैजाने संस्थाले निकालेको नक्सामा मात्रै त्रुटि भएको भए यस्तो विरोध नहुन सक्दथ्यो । आधिकारिक निकायले नै नक्सा बिगारेर निकाल्ने अनि अहिले आएर विरोध किन भन्न मिल्दैन । म फेरि दोहोर्‍याएर भन्छु, 'सर्वे अफ इन्डिया'ले नै सीमा मिचेर नक्सा निकाल्नु गम्भीर विषय हो । यसको विरोध हुनु स्वाभाविक हो । अहिले सबैभन्दा चर्को गरी उठ्नुपर्ने प्रश्न हो यो । लिम्पियाधुरा हाम्रो नक्सामा नहुनु विडम्बनापूर्ण कुरा हो । दुर्भाग्यवश त्यस्तो हुन गएको हो । नक्सामा नभए पनि लिम्पियाधुरासम्म नेपाल नै हो ।

२०३५/०३६ सालतिर नक्सा बनाउने काम शुरु भएको थियो । त्यतिबेलै लिम्पियाधुरालाई सीमावार राखेर नक्सा बनाउन टिप्पणी उठेको पनि हो । फाइल अगाडि पनि बढ्यो । तर, माथिल्लो निकायबाट पारित भएन । जसले गर्दा त्यतिबेला पनि नक्सा बनाउने क्रममा द्विविधा उत्पन्न भएको थियो । त्यो क्षेत्र समेटेर नक्सा बनाउन नसक्नु नेपालको पनि कमजोरी हो । तर, त्यो कमजोरीलाई आधार बनाएर हाम्रो भूमिमा अरुले आँखा गाड्न मिल्दैन । नेपालले भारतसामु सौहार्दपूर्ण तरिकाले वार्ता गरेर समाधान निकाल्नुपर्छ ।

तेस्रो देशको मध्यस्थतामा वार्ता गरेर निकास खोज्न सकिन्छ । त्यो पनि भएन भने संयुक्त राष्ट्रसंघ गुहार्न सकिन्छ । संघको सुरक्षा परिषद वा कार्टोग्राफिक सेक्सनमा उजुर गर्नुपर्छ । त्यति गर्दा पनि भारतले मानेन भने अन्तर्राष्ट्रिय अदालत त छँदैछ । यो मुद्दा लिएर हेगस्थित अदालतमा जानुपर्ने हुन सक्छ ।

# भारतीय दूतावास अगाडि प्रदर्शनमा प्रहरी हस्तक्षेप




काठमाडौं । सीमा अतिक्रमणको विरोधमा लैनचौर स्थित भारतीय दूतावास अगाडि नेविसंघले गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको छ । कालो ब्यानर र राष्ट्रिय झण्डासहित प्रदर्शनमा उत्रिएकाहरूलाई प्रहरीले बल प्रयोग गरी नियन्त्रणमा लिएको हो । बेलुन राखेर उडाइएको कालो ब्यानरमा लिम्पियाधुरासहितको नेपाली नक्सा बनाइएको छ र अंग्रेजीमा 'मोदी हेर, यो हो नेपालको नक्सा' लेखिएको छ ।

भारतले हालै सार्वजनिक गरेको नक्सामा लिपुलेक, कालापानीलगायतका नेपाली भूमिलाई आफ्नो क्षेत्रमा पारेपछि देशभर विरोध प्रदर्शन भइरहेको छ । काठमाडौं उपत्यकामा दिनहुँजसो भारतविरुद्ध प्रदर्शन हुँदै आएको छ ।

## जिल्ला समाचार

### विस्तारवादी अतिक्रमणका विरूद्ध सुदूरपश्चिममा क्रान्तिकारी माओवादीको प्रतिरोध आन्दोलन

● धनञ्जय अवस्थी

भारतीय विस्तारवादले नेपालको कालापानी-लिम्पियाधुरा-लिपुलेक लगायतका क्षेत्रमाथि गरेको अतिक्रमणका विरुद्ध यतिबेला सिंगो देश प्रतिरोध आन्दोलनमा जुरुक्कै उठेको छ । सच्चा देशभक्त, वामपन्थी तथा कम्युनिस्ट क्रान्तिकारीहरू आन्दोलित भएका छन् । लामो समयदेखि राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षाको विषयमा आन्दोलन गर्दै आएको र विगत एक वर्षदेखि नक्कली नक्साको खारेज गरी सक्कली नक्सा प्रयोगका लागि देशव्यापी दबाब अभियान चलाउँदै आएको नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पनि यतिबेला आन्दोलित छ र देशैभरि प्रतिरोध अभियान चलाइरहेको छ । सुदूरपश्चिम प्रदेशमा पनि क्रान्तिकारी माओवादीले प्रतिरोध आन्दोलन जारी राखेको छ । यसबीचमा यस प्रदेशभित्र कुन कुन जिल्लामा प्रतिरोध आन्दोलन भए त्यसको विवरण सुदूरपश्चिम प्रदेश डायरीको रूपमा यहाँ प्रस्तुत गरिएको छ ।

### कञ्चनपुरमा क्रान्तिकारी मओवादीको विरोध प्रदर्शन

कञ्चनपुरममा नेकपा (क्रान्तिकारी माओवादी)ले भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणका विरुद्धमा सडकमा उत्रिएको छ । क्रान्तिकारी माओवादी कञ्चनपुरले पुरानो जिल्ला प्रशासन कार्यालय नजिकबाट बजार परिक्रमा गरी महेन्द्रनगरको मदनचोकमा कोणसभा गर्‍यो । कोणसभालाई सम्बोधन गर्दै पार्टीका केन्द्रीय सदस्य तथा जिल्ला ईन्चार्ज हरि सुवेदीले सरकारको लाचारीपनले पटकपटक सीमा विवाद हुने गरेको बताए । कालापानीको विवाद धेरै पहिलेदेखिको भए पनि अहिलेसम्म कुनै पनि सरकारले सिमा विवाद समाधान गर्न नसकेको बताए । स्वाधीनता, सार्वभौमिकता, अखण्डता बचाउन र कालापानी लिपुलेक भूमि फिर्ताका लागि आफ्नो पार्टी जस्तोसुकै आन्दोलन गर्न तयार रहेको बताए ।

### कैलालीको अत्तरियामा क्रान्तिकारी माओवादीले जलाए मोदीको पुत्ला

कैलाली । कैलालीको अत्तरियामा नेकपा क्रान्तिकारी माओवादी निकट अखिल क्रान्तिकारीले भारतीय प्रधानमन्त्री मोदीको पुत्ला दहन गरे ।

प्रहरी दमनलाई छिचोल्दै भारतीय विस्तारवाद मुर्दावाद, अतिक्रमित नेपाली भूमि फिर्ता गर लगायतका नाराहरू लगाउँदै मोदीको पुत्ला दहन गरिएको क्रान्तिकारीका कैलाली जिल्ला अध्यक्ष पुष्कर जोशीले जानकारी दिए ।

त्यसैगरी क्रान्तिकारी माओवादी निकट अखिल क्रान्तिकारी र जनमोर्चा निकट अखिल छैटौंले कालापानीको भूभाग नेपालको नक्साबाट भारतीय नक्सामा प्रयोग गरेर कब्जा गर्ने खोजेको भन्दै कैलालीको अत्तरीयामा बिरोध प्रदर्शन गरे ।

प्रदर्शनपछि गरेको संयुक्त कोणसभालाई सम्बोधन गर्दै क्रान्तिकारीका अध्यक्ष जोशीले राष्ट्रिय स्वाधीनताका लागि आवश्यक परे रगतको खोलो बगाउन तयार रहेको बताए । राष्ट्रियता गम्भीर संकट रहेकोले सबै नेपाली एक ठाउँमा आएर प्रतिकार गर्नुपर्ने बताए ।

### देजमो सुदूरपश्चिम प्रदेसद्वारा कैलालीमा विरोध प्रदर्शन

नेकपा (क्रान्तिकारी माओवादी)को संयुक्त मोर्चा देजमो, नेपाले कैलाली जिल्लामा लिपुलेक, लिम्पियाधुरा, कालापानीको भूभाग नेपालको नक्साबाट भारतीय नक्सामा प्रयोग गरेर कब्जा गर्न खोजेको भन्दै कैलालीमा बिरोध प्रदर्शन गरेका छन् । देजमो सुदूरपश्चिम प्रदेसले कैलालीमा भारतीय विस्तारवादीको हस्तक्षेपको खुलेर बिरोध प्रदर्शन गरेका छन् । विरोध प्रदर्शन तथा कोणसभा सम्पन्न गरेको देजमो सुदूरपश्चिम प्रदेस संयोजक रामबहादुर केसीले जाकारी दिए । कोणसभालाई नेकपा (क्रान्तिकारी माओवादी) सुदूरपश्चिम प्रदेस सेक्रेटरी अनुकुल, देजमो सुदूरपश्चिम प्रदेस संयोजक रामबहादुर केसी लगायतले सम्बोधन गरेका थिए ।

कोणसभालाई सम्बोधन गर्दै सेक्रेटरी अनुकुलले सरकारको मौनता कारण भारतीय हस्तक्षेप भइहरेको बताए । अतिक्रमण क्षेत्रका कुटी, गुन्जीका जनतालाई भारतले रासन कार्ड बितरण गरेको छ, अब सरकारले चुप लागेर बस्न नहुने भन्दै यसको समाधानका लागि तत्काल अन्तर्राष्ट्रिय रूपमा कुटनैतिक पहल जरुरी रहेको बताए ।

### क्रान्तिकारी माआवादीद्वारा दार्चुलामा पनि विरोध प्रदर्शन

क्रान्तिकारी माआवादी जिल्ला संगठन दार्चुलाले सीमा अतिक्रमणको बिरोधमा प्रदर्शन गरेका छ । लपुलेक, लिम्पियाधुरा, कालापानीको भूभाग नेपालको नक्साबाट भारतीय नक्सामा प्रयोग गरेर कब्जा गर्न खोजेको भन्दै क्रान्तिकारी माओवादीले दार्चलामा बिरोध प्रदर्शन तथा कोणसभा गरेको पार्टीका जिल्ला सेक्रेटरी प्रेम निरौलाले जानकारी दिए ।

## सम्पन्न हुँदै...

सदृढीकरणमा जुटेको छ । चुस्त, गतिशील, अनुशासित र जुझारु संगठनको रूपमा पार्टी संगठनलाई स्थापित गर्नका लागि सोही अनुसारको विधि पद्धतिको विकास गरी पार्टी संगठनलाई सुदृढीकरणमा जुटेको हो ।

संघर्ष र संगठनको द्वन्द्वात्मकतालाई ध्यान दिंदै क्रान्तिकारी माओवादीले त्यही खालका संगठन तथा संघर्षका योजना तथा कार्यक्रमहरू निर्माण गर्ने गरेको छ । असारमा सम्पन्न पार्टीको केन्द्रीय समितिले गरेको निर्णय अनुसार क्रान्तिकारी माओवादी मंसिर मसान्तसम्म सबै प्रदेशको सम्मेलन सक्ने तयारीमा जुटेको हो । क्रान्तिकारी माओवादीले पार्टीको आगामी रणनीति मंसिर अन्तिममा बस्ने बैठकबाट तय गर्ने बताइएको छ ।

**५ नं. प्रदेशमा प्रमोदको नेतृत्वमा ५७ सदस्यीय प्रदेश कमिटि निर्वाचित**

दाङ । नेकपा (क्रान्तिकारी माओवादी ) प्रदेश पाँचको प्रथम सम्मेलन सम्पन्न भएको छ । सम्मेलनले पार्टी पीवीएम प्रमोदको नेतृत्वमा ५७ सदस्सीय प्रदेश कमिटी निर्वाचित गरेको छ । कमिटीको ५१ सदस्य पुर्ण र ६ जना बैकल्पिक सदस्य रहेका छन् ।

त्यस्तै केन्द्रीय समितिबाट शिशिर, संकुल, जिवराज, समीर, पहाड, गर्जन र अर्जुन महिलाबाट सदस्यमा सिर्जना, निमकला र प्रतीज्ञा युवाबाट भुकम्प निर्वा्चित भएका छन् । त्यस्तै प्रदेश अन्तरगतका १२ वटा जिल्ला मध्येबाट ११ जिल्लाबाट प्रदेश कमिटीमा प्रतिनिधित्व गराइएको छ । ५१ पुर्ण सदस्यमा १ जना रिक्त र ६ जना बैकल्पिक सदस्य पछि थप गरिने बताइएको छ ।

प्रदेश कमिटिमा कपिलबस्तुबाट सदस्यमा कमल, ज्ञानीराम ,अमर, आकाश, र छोटु रूपन्देहीबाट मणी, कुमार,बाबुराम ,रमेश,बाँकेबाट पीटी,शिशिर, विराट,सुरेश पश्चिम नवलपरासीबाट चोला , संकल्प र समर सदस्य निर्वा्चित भएका छन ।

त्यस्तै अर्घाखाँचीबाट सदस्यमा ज्वाला र दुर्लभ पाल्पाबाट मानध्वज ,दाङबाट अजय,सरल,परिर्वतन, मदन बर्दियाबाट विपिन , विश्वम्भर , बिशाल र विद्रोही , गुल्मीबाट अविरल , तेन्जिङ, मार्सल प्युठानबाट प्रशान्त, सुरज, परिर्वतन, शितल र संगीन रोल्पाबाट शिशिर र बादल प्रदेश सदस्य चयन भएका छन ।

कार्यक्रमको बन्द सत्रमा सो पार्टीका महासचिव मोहन बैद्य किरणले प्रशिक्षण दिएका थिए । २ दिनसम्म दाङको घोराहीमा सम्पन्न प्रथम सम्मेलनले १३ बुँदे समसामायिक राजनैतिक प्रस्ताव समेत पारित गरेको छ । प्रस्तावमा अमेरिकी इन्डोप्यासिफिक रणनीति खारेज गर्न माग गरिएको छ । त्यस्तै भारतद्वारा अतिक्रमित लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको नक्सा सार्वजनिक गर्न सरकारसँग माग गरिएको छ । त्यस्तै प्रस्तावमा राष्ट्रिय स्वाधीनता , जनतन्त्र र जनजीविकाको बिषय समेटिएका छन् । त्यस्तै भारतबाट आयातिक कृषि उपजमा रोक लगाउने, शहीद परिवार तथा बेपत्ता योद्धा परिवारसंग सम्बन्धित प्रस्ताव समेत पारित गरिएको छ । कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य एंव पश्चिम ब्यूरो इञ्चार्ज राजवीरले निर्वाचित कमिटीलाई बधाई तथा शुभकामना दिएका थिए ।

प्रदेश २ मा रमेशको नेतृत्वमा ३७ सदस्यीय प्रदेश समिति निर्वाचित

नेकपा (क्रान्तिकारी माओवादी) प्रदेश २ को सम्मेलन सम्पन्न भएको छ । शुक्रबारबाट जारी सम्मेलन खुल्ला सत्र र बन्द सत्र गरी शनिबार सम्पन्न भएको हो । सम्मेलनको बन्द सत्रले पार्टी पीवीएम रमेशको नेतृत्वमा ३७ सदस्सीय प्रदेश कमिटि निर्वाचित गरेको छ । जसमध्ये २९ सदस्यीय पूर्ण र बाँकी वैकल्पिक सदस्यको रूपमा निर्वाचित भएको पार्टीको प्रदेश कार्यालयले जनाएको छ । निर्वाचित कमिटिलाई पार्टीका स्थायी समिति सदस्य, पार्टी प्रवक्ता तथा पूर्वी कमाण्ड इन्चार्ज प्रतीकले बधाई तथा सफल कार्यकालको शुभकामना दिए ।

सम्मेलन पार्टी महासचिव मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । महासचिव किरणले खुल्ला र बन्द सत्रलाई सम्बोधन गरेका थिए । बन्द सत्रलाई सम्बोधन गर्दै महासचिव किरणले पार्टीको कार्यदिशा, वर्तमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थिति र तत्कालीन कार्यनीतिक स्टेपहरूको विषयमा सविस्तार प्रशिक्षण दिएका थिए ।

बन्द सत्रमा प्रस्तुत सांगठानिक तथा राजनीतिक प्रतिवेदन प्रतिनिधिहरूबीच समूह बनाई छलफल चलाइएको थियो । छलफलबाट आएको सुझावको आधारमा प्रतिवेदनलाई समृद्ध पार्ने गरी एकमतले प्रतिवेदन पारित भएको थियो ।

**३ नं. प्रदेशमा प्रवेशको नेतृत्वमा ६६ सदस्यीय प्रदेश कमिटि निर्वाचित**

तीन दिनदेखि जारी नेकपा (क्रान्तिकारी माओवादी) ३ नं. प्रदेशको सम्मेलनले पार्टीका पीवीएम प्रवेशको नेतृत्वमा ४९ पूर्ण, १७ वैकल्पिक गरी ६६ सदस्यीय प्रदेश कमिटि निर्वाचित गर्दै सम्मेलन आइतबार सम्पन्न भएको छ । निर्वाचित कमिटिको पहिलो बैठकले प्रदेश कमिटिको सेक्रेटरीमा प्रवेशलाई चयन गरेको छ । कमिटिका जेष्ठ सदस्य जीवनको अध्यक्षतामा बसेको बैठकले भारतीय विस्तारवादी अतिक्रमणको विरोधमा काठमाडौंको रत्नपार्क शान्तिबाटिकामा मंसिर ४ गते व्यापक विरोध प्रदर्शन गर्ने निर्णय गरेको छ भने प्रतिक्रियावादी व्यवस्थाअन्तर्गत गरिने मंसिर १४ को उपनिर्वाचन बहिस्कार गर्न जनतालाई आव्हान गर्दै भक्तपुरमा मंसिर ६ गते प्रदेशस्तरीय विरोध सभा गर्ने समेत निर्णय गरेको छ ।

सम्मेलन पार्टीका स्थायी समितिका सदस्य तथा मध्य ब्यूरो इन्चार्ज गौरव, प्रदेश इन्चार्ज सागर, पीवीएम प्रभाकिरण लगायतका नेताहरूको उपस्थिति रहेको थियो ।

अन्य प्रदेशहरूको पनि सम्मेलनको तयारीलाई तीब्रता दिइएको छ । मंसिर १४ मा हुने उपनिर्वाचन बहिस्कारको नीति लिएको क्रान्तिकारी माओवादीले सम्मेलन सम्पन्न भइसकेका प्रदेशहरूमा उपनिर्वाचन बहिस्कारका कार्यक्रमलाई व्यापक बनाउने तयारीमा जुट्ने बताइएको छ ।

## क्रान्तिकारी...

, विश्वम्भर , बिशाल र विद्रोही , गुल्मीबाट अविरल , तेन्जिङ, मार्सल प्युठानबाट प्रशान्त, सुरज, परिर्वतन, शितल र संगीन रोल्पाबाट शिशिर र बादल प्रदेश सदस्य चयन भएका छन ।

कार्यक्रमको बन्द सत्रमा सो पार्टीका महासचिव मोहन बैद्य किरणले प्रशिक्षण दिएका थिए । २ दिन सम्म दाङको घोराहीमा सम्पन्न प्रथम अधिबेशनले १३ बुदे समसामायिक राजनैतिक प्रस्ताव समेत पारित गरेको छ । प्रस्तावमा अमेरिकी इन्डोप्यासिफिक रणनीति खारेज गर्न माग गरिएको छ । त्यस्तै भारतद्धारा अतिक्रमित लिम्पियाधुरा ,लिपुलेक र कालापानी सहितको नक्सा सार्वजनिक गर्न सरकारसंग माग गरिएको छ । त्यस्तै प्रस्तावमा राष्ट्रिय स्वाधीनता , जनतन्त्र र जनजिविकाको बिषय समेटिएका छन् । त्यस्तै भारतबाट आयातिक कृषि उपजमा रोक लगाउने, शहिद परिवार तथा बेपत्ता योद्धा परिवारसंग सम्बन्धित प्रस्ताव समेत पारित गरिएको संकुलले बताए । बन्दसत्रमा नेकपा (क्रान्तिकारी माओवादी ) महासचिव मोहन बैद्य किरणले प्रशिक्षण दिएका थिए । कार्यक्रममा पार्टीका स्थायी समिति सदस्य एंव पश्चिम ब्यूरो ईञ्चार्ज राजविर निर्वा्चित कमिटीलाई बधाई तथा शुभकामना ब्यक्त गरेका थिए । अधिबेशनमा २ सय बढि प्रतिनिधि पर्यबेक्षक थिए । अधिबेशन समापनमा नवनिर्वा्चित सेक्रेटरी प्रमोदले प्रतिबद्धता समेत जाहेर गरेका थिए ।

# जनप्रतिरोधको विस्तार र क्रान्तिकारीहरुको दायित्व



**क. वसन्त**

**कार्ल मार्क्सको विश्लेषणलाई नवउदारवादले व्यावहारिक रूपमै पुष्टि गरेको निस्कर्षसहित त्यस पुस्तकमा उनले नवउदारवादको विकल्प खोज्नु पर्ने कुरा औंल्याएका छन् । त्यसमाथि विश्व वैङ्कका उपाध्यक्ष र अमेरिकी राष्ट्रपति क्लिन्टनको आर्थिक सल्लाहकार समितिका अध्यक्ष समेत रहेका र अर्थशास्त्रमा नोबेल पुरष्कार विजेता प्रोफेसर जोसेफ इ. सिग्लिजले नवउदारवादको मृत्यु भैसकेको घोषण गरेका छन्**

सामान्यतः गएको दुई-तीन वर्षभित्र र विशेषत यही वर्षको पनि अक्टोवर महिनामा मात्र विभिन्न देशका जनता सडकमा ओर्लिएका छन् । सङ्घर्षका क्रममा विरोधको प्रकृति र सडकमा गुञ्जिएका जनताका नाराहरूमा कुनै न कुनै प्रकारको मेल देखिन्छ । ती सङ्घर्षलाई जोडने अन्तर्राष्ट्रिय स्तरमा कुनै साङ्गठनिक संयन्त्र छैन तर पनि सडकमा लगाइने नाराहरू उस्तै उस्तै खालका र मागहरू पनि उस्तै देखिन्छन् । यो छोटो लेखमा ती जनप्रतिरोधका भित्री कारण, तिनमा देखिने समानता र समस्या समाधानको विकल्पबारे सङ्क्षिप्त अध्ययन गरिएको छ ।

यतिबेला सबैभन्दा चर्को रूपमा देखा परेको जनप्रतिरोध दक्षिण अमेरिकी राष्ट्र चिलीको हो । चिले सरकारले अति भिडहुने कार्यालय समयका लागि गत अक्टोबर १ देखि मेट्रोरेलको भाडामा ८०० पेसोबाट ३.७५ प्रतिशत बढाएर ८३० पेसो पुऱ्याउने निर्णय गरेपछि विद्यार्थीहरूले बढाएको भाडा खारेज गर्नुपर्ने माग राखी अक्टोबर ७ देखि भाडा अवज्ञा आन्दोलन सुरु गरेका थिए । तर छिटै त्यो आन्दोलन विद्यार्थीमा मात्र सिमित रहेन, अगाडि बढेर कर्मचारी तथा आम जनतासम्म विस्तार हुन पुग्यो । अक्टोबर १८ सम्म पुग्दा जम्मा ५६ लाख जनसङ्ख्या भएको चिलीको राजधानी सहर स्यान्टियागोमा १० लाखभन्दा बढी जनता सडकमा ओइरिए । देश अस्तव्यस्त भयो र यो क्रम अहिले पनि जारी छ ।

सरकारले जनतालाई "शक्तिशाली दुश्मन" घोषणा गरी आन्दोलन दबाउन सेना सडकमा उताऱ्यो । तर त्यसले आगोमा घिउथप्ने बाहेक अरु केही काम गरेन । आन्दोलन देशैभरी विस्तार भयो । पछि वाध्य भएर सरकारले मेट्रो रेलको भाडा बढाउने निर्णय फिर्ता लियो । त्यतिमात्र होइन, राष्ट्रपति सेवास्टियन पिनेराले जनताका सामु माफि मागे, पुरै मन्त्रीमण्डल विघटन गरे, सङ्कटकाल हटाए, तलव-पेन्सन बृद्धिगर्ने र सामाजिक सूरक्षा तथा स्वास्थ्य सुविधा बढाउने घोषणा पनि गरे । तर आजसम्म त्यसले आन्दोलनकारीलाई छोएको छैन, जनता र सेना सडकमा भिडिरहेका छन् । अहिलेसम्म करीव दुई दर्जनको हाराहारीमा प्रदर्शनकारीको हताहती भएको छ, सयौंको सङ्ख्यामा घाइते छन् भने करीव दश हजार जति आन्दोलनकारी गिरफ्तार भएका छन् । आजसम्म जनताको विद्रोह मत्थरिने सङ्केत कहीँ कतै देखिएको छैन ।

अर्कोतिर, आन्दोलनमा जनताको सहभागितामा बृद्धि भएसंगै जनताका माग भने एक पछि अर्को गरी थपिंदै गएका छन् । राष्ट्रपतिले राजीनामा दिनु पर्ने, वर्तमान संविधान खारेज गरी नयाँ संविधान ल्याउनु पर्ने, धनी र गरीवका बीचको खाडल पुर्ने आर्थिक नीति अवलम्बन गर्नु पर्ने, रोजगारीको ग्यारेन्टी गर्नुपर्ने जस्ता नयाँ-नयाँ मागहरू अहिले सडकमा गुञ्जिइरहेका छन् । यसका साथै मागहरू थपिंदै जाने क्रम जारी छ । आन्दोलनले पैदागर्न सक्ने अनिश्चित स्थितिलाई ध्यानमा राखेर राष्ट्रपतिले यही नोभेम्बर १६मा चिलीको राजधानी स्यान्टियागोमा हुने भनिएको एशिया प्रशान्त आर्थिक सहयोग (ब्एभ्क्र) को शीखर सम्मेलन र डिसेम्बरमा हुने भनिएको वायुमण्डल परिवर्तनबारेको अर्को शीखर सम्मेलन आफ्नो देशमा हुन नसक्ने भयो भनेर हात उठाएका छन् । यसले त्यहाँको राजनीतिक स्थितिको गंभीरतालाई दर्शाउँछ । तर, चिलीका जनताले चलाएको यो आन्दोलन कहाँ पुगेर टुङ्गिने हो अहिले नै भन्न सकिने स्थिति छैन ।

यहाँनेर चिलीको आन्दोलनको अर्थ-राजनीतिक पृष्ठभूमिबारे सङ्क्षिप्त कुरा गरौं । अमेरिकी साम्राज्यवादको भरौटे तात्कालीन चिलीको सैन्य अधिकृत पिनोचेले अमेरिकी योजना र संलग्नतामा राष्ट्रपति सल्भाडोर एलेण्डेले नेतृत्व गरेको जननिर्वाचित वामपन्थी सरकारलाई ११ सेप्टेम्बर १९७३ का दिन सैन्यशक्तिका बलमा अपदस्त गरेर त्यहाँको सत्ता हत्याएपछि चिलीमा सैन्यशासन सुरु भएको थियो । त्यसपछि राजनीतिक, आर्थिक लगायतका सबै नीतिहरू अमेरिकी निर्देशनमा निर्माण हुदै आएका छन् । बीच-बीचमा संसदीय निर्वाचनहरू भएका छन्, सरकारहरू फेरिंदै गएका छन् तर नीति भने फेरिएका छैनन् । पछि ९०को दशकबाट अन्यत्र जस्तै त्यहाँ पनि निजीकरणको नीति लागु गरिएको थियो र त्यो अहिलेसम्म क्रियाशील छ ।

प्रचूर मात्रामा तामाको खानी भएको देश चिलीलाई दक्षिण अमेरिकाको एउटा समृद्ध देश मानिन्छ । तर नव उदारवाद अन्तर्गत चिलीमा निजीकरणको नीति लागु गरिए पछि त्यहाँ गरिवहरू अझ गरिव र धनीहरू अरु धनी बन्दै गएका छन् र आर्थिक असमानता ज्यामितीय ढङ्गले बढ्दै गएको छ । तथ्याङ्कले शहरीया जनसङ्ख्याको ३६ प्रतिशत भन्दा बढी जनता चरम गरिवीको रेखा मुनि छन् भन्ने देखाउँछ । विश्वमा आर्थिक खाडल डरलाग्दो हिसाबले फराकिलो हुँदै गएका धेरै देशहरूमध्ये एउटा देश चिली हो । ल्याटिन अमेरिका तथा क्यारेवियन राज्यका लागि आर्थिक आयोग (भ्क्रीब्क्र) नामक संस्थाले प्रस्तुत गरेको तथ्याङ्क अनुसार त्यहाँका माथिल्लो १ प्रतिशत धनाढ्यको हातमा देशको कुल सम्पत्तिको जम्मा २६.५ प्रतिशत हिस्सा थुप्रिएको छ भने तलका ५० प्रतिशत जनताको हातमा राष्ट्रिय सम्पत्तिको २.१ प्रतिशत हिस्सा मात्र रहेको छ । त्यस्तै चिलीको राष्ट्रिय तथ्याङ्क निगमका अनुसार मजदुरको न्युनतम मासिक ज्याला ३,०१,००० पेसो (करीव ४०२ डलर) तोकिएको छ र त्यहाँका आधा भन्दा बढी मजदुरहरूले मासिक ४,००,००० पेसो अर्थात् ५३३ डलरभन्दा कम ज्याला पाउँछन् । यतिबेला चिलीका जनताको आक्रोसको मूल कारण त्यही आर्थिक विषमता हो । मेट्रो रेलको भाडाबृद्धि उँटको ढाडभाँच्ने परालको अन्तिम त्यान्द्रो बाहेक अरु केही पनि होइन ।

यही अक्टोबरमा जनताको विद्रोह भडकिएको अर्को देश इक्वेडर हो । सरकारले पेट्रोलियम पदार्थमा दिएको अनुदान रकम (क्गदकष्मथ) खारेज गरेपछि त्यहाँ आन्दोलन सुरुभएको हो । टचाक्सी, बस तथा ट्रक ड्राइभरहरूले गत अक्टोबर ३का दिन अनुदान खारेजीको निर्णय उल्टयाउनु पर्ने माग राखी अक्टोबर ४ देखि आन्दोलन गर्ने घोषणा गरेका थिए । तर त्यसको ४ घण्टा पछि त्यहाँका राष्ट्रपति मोरेनोले देशमा सङ्कटकाल घोषणा गरे । त्यो दिनदेखि आजसम्म राजधानी शहर क्विटो लगायत देशैभरी जनता र सरकारी सेना सडकमा भिडन्त गरिरहेका छन् । सैन्य दमनको क्रममा एक दर्जनको वरिपरि प्रदर्शनकारी मारिएको र १ हजार भन्दा बढी गिरफ्तार भइसकेको भन्ने छ । आन्दोलनको विकास संगै हताहती, घाइते र गिरफ्तार हुनेको सङ्ख्या बढिरहेको छ ।

यो वैदेशिक ऋणले थिचिएको र आर्थिक सङ्कटले ग्रस्तभएको अर्को एउटा ल्याटिन अमेरिकी देश हो । त्यहाँको सरकारले यसै वर्ष अन्तर्राष्ट्रिय मुद्राकोष (IMF)बाट थप ४.२ अरव डलर ऋण लिएका थियो । वैदशिक ऋण तिर्नका लागि रकम सङ्कलन गर्न भनेर सरकारले इन्धनमा दिइएको अनुदान हटाउने, श्रमिकको ज्याला २० प्रतिशतले घटाउने, वार्षिक ३० दिन मध्ये १५ दिन सार्वजनिक विदा कटौती गर्ने लगायत पेन्सन, स्वास्थ्य सुविधा र सामाजिक सूरक्षा सहित सरकारी सुविधा कटौती गर्ने निर्णय गरेपछि त्यहाँ विद्रोह भडकेको हो । इक्वेडरमा मजदुरको न्युनतम मासिक ज्याला ३९४ डलर तोकिएको छ, तर धनीहरूले भने प्रतिवर्ष ज्यामितीय अनुपातमा सम्पत्ति थपीरहेका छन् । त्यहाँ पनि जनप्रतिरोधको भित्री कारण धनी र गरीवका बीचको आर्थिक असमानता र सत्ताधारीहरूले गर्ने भ्रष्टाचार नै हो भन्ने स्पस्ट छ ।

यही समयको सेरोफेरोमा जनता सडकमा पोखिएको अर्को देश लेवनान हो । गएको अक्टोबर १७का दिन त्यहाँको सरकारले मोबाइल फोनको ह्वाट्सएप (ध्जबतकब्उउ) नामको सफ्टवेयरमा प्रतिमहिना ६ डलरका दरले कर लगाउने घोषणा गरेपछि सुरुमा करीव १०० जना व्यक्तिले त्यसको सामुहिक विरोध गरेका थिए । अहिले त्यो विरोध विस्तार भएर आम जनतासम्म पुगेको छ । विद्यार्थीहरू स्कूल तथा कलेजका क्लास छाडेर सुन्दर भविष्यका लागि भन्दै आन्दोलनमा होमिएका छन् । अझ उल्लेखनीय त यो छ कि मुस्लिमबाहुल्य देशमा युवा महिलाहरू आन्दोलनको अग्र पङ्क्तिमा छन् । विद्रोहको चाप थेग्न नसकेर लेवनानी प्रधानमन्त्री साद हरारीले एउटा १७-सूत्रीय महत्वाकाँक्षी कार्ययोजन पेश गरे तर त्यसले आन्दोलनकारी जनताको चित्त बुझाउन सकेन । अन्ततः उनी आफ्नो पदबाट राजीनामा दिन बाध्य भए । लेवनानमा भ्रष्टाचारको कुनै सीमा छैन, धनी र गरीवका बीचको आर्थिक खाडल बढिराखेको छ । कम्पनीहरू श्रमिकको ज्याला तिर्न नसक्ने अवस्थातिर धकेलिंदै छन्, मजदुरहरूको जागिर धरापमा छ र ३७ प्रतिशत युवा शक्ति वेरोजगार छ । कूल गार्हस्थ उत्पादनको १५० प्रतिशतभन्दा बढी ऋण भएको देश लेबनान अकल्पनीय राजनीतिक तथा आर्थिक सङ्कट तर्फ धकेलिंदै छ र त्यहाँको अर्थतन्त्र टाट पल्टने अवस्थामा छ ।

तर विडंबना, राजनेताहरू मालामाल छन् । यस बीचमा लेबनानी राष्ट्रपति माइकेल आउनले भ्रष्टाचारलाई निर्मूल पार्ने, रोजगारी सुनिश्चित गर्ने जस्ता प्याकेज सहित राष्ट्रका नाममा सम्बोधन गरे । त्यसले पनि जनताको मन जित्न सकेन । उल्टै, त्यो घोषणाको लगत्तै जनता देशैभरी सडकमा ओइरिए । करीव ८१ लाख जनसङ्ख्या भएको देश लेवनानमा अक्टोबर २०का दिन देशैभरी २० लाख जनता सडकमा ओर्लिएको अनुमान छ । सडकबाट जनताले सुधारको काम मूखले भनेर होइन राजनीतिज्ञको व्याङ्क खाता चेक गरेर सुरु हुनुपर्दछ भन्ने माग राखेका छन् । जनता र सेना राजधानी शहर बेरुत र त्रिपोली तथा टायर जस्ता ठूला शहरका सडकमा एक आपसमा भिड्दै छन् । बुर्जुवा राजनीतिक पार्टीहरूको कुनै स्पस्ट भिजन र योजना छैन । वैचारिक तथा राजनीतिक दिशा विनाको यो आन्दोलन कहाँ पुगेर कसरी टुङ्गिने हो अहिले केही भन्न सकिन्न ।

यही अक्टोबर १मा व्यापक भ्रष्टाचार र वेरोजगारीका विरुद्ध इराकभरी जनताको विद्रोह भड्कियो । आन्दोलन दबाउन त्यहाँ अहिले सेना परिचालन गरिएको छ । युनिसेफले तयार पारेको प्रतिवेदनका अनुसार सामाजिक अव्यवस्था यतिसम्म गंभीर छ कि स्वास्थ्य र शिक्षामा दिइने सुविधाको त कुरै छाडौं इराकका आधा घरपरिवारलाई स्वस्थकर खाने पानीसम्म पनि उपलव्ध छैन । करीव ४० प्रतिशत केटाकेटी दुषित पानीका कारण जीवन-मरणको दोसाँधमा छन् । धनी र गरिव जनताका बीचको अर्थिक खाडल दिन प्रतिदिन फराकिलो बन्दै गएको छ ।

इराकको मानवाधिकार आयोगका अनुसार यही नोभेम्बर १० सम्म त्यहाँ हताहत हुने आन्दोलनकारीको सङ्ख्या ३१९ र घाइते हुनेको सङ्ख्या १५,००० पुगेको अनुमान छ । इन्टरनेट सेवा बन्द गरिएको हुनाले कुनै पनि भरपर्दो सुचना बाहिर आएको छैन । मारिने र घाइते हुनेको सङ्ख्या यो भन्दा धेरै बढी हुन सक्छ र यो दिन प्रतिदिन बढिरहेको छ । सरकारले मितव्ययिताका नाममा जनताले यसभन्दा पहिले पाउँदै आएको तलव, पेन्सन, सामाजिक सूरक्षा तथा अन्य सुविधाहरू कटौती गर्दै आएको छ । यो स्थितिमा जनता आन्दोलनमा हुमिएका छन् । त्यहाँ न त आन्दोलनको नेतृत्वगर्ने कुनै क्रान्तिकारी राजनीतिक पार्टी छ न त शाषक वर्गभित्रको कुनै पार्टीले जनताका मागलाई संबोधन गर्न सक्ने क्षमता राख्छन् । सरकारले नयाँ निर्वाचनको कुरा उठाए पछि जनताले सिस्टम परिवर्तनको माग राखेर आन्दोलन चर्काएका छन् । युवा जनप्रतिरोधको अग्रपङ्क्तिमा छन् तर गन्तव्य के हो सायद कोही प्रष्ट छैन ।

माथि यही अक्टोबर महिनामा विभिन्न देशमा विकसित भएका जनप्रतिरोधको स्थितिबारे सङ्क्षिप्त चर्चा गरियो । यी बाहेक एक वर्षदेखि निरन्तर विरोध प्रदर्शन हुँदै आएको अर्को एउटा देश फ्रान्स हो । त्यहाँ इन्धनको करबृद्धिको प्रतिरोध स्वरूप मूख्यतः ड्राइभरहरूले विरोध प्रदर्शन सुरुगरेका थिए । हरेक हप्ताको शनिवार हुने त्यो विरोध प्रदर्शन अहिले ५२औ हप्तामा प्रवेश गरेको छ । अहिलेसम्म ११ जना आन्दोलनकारी हताहत भएका छन् र १२,००० भन्दा बढी गिरफ्तार भएको समाचार छ । विभिन्न पत्रपत्रिकले प्रहरीतर्फ १०,७०९ घाइते र २५ जना मारिएको समाचार प्रकाशन गरेका छन् । यो आन्दोलन कहाँसम्म पुग्ने हो भन्न सकिन्न । करबृद्धि त एउटा बहानामात्र थियो । यसको वस्तुगत कारण पनि व्यापक वेरोजगारी र विग्रिँदो अर्थतन्त्रले आम जनतामा पैदा गरेको निराशा र आक्रोश नै हो भन्ने देखिन्छ ।

यी बाहेक विश्वभरी विभिन्न देशमा कुनै न कुनै प्रकारका प्रतिरोध सङ्घर्षमा जनता सडकमा ओइरिएका छन् । ती मध्ये स्पेन, भेनेज्वेला, हैटी, सर्विया, सुडान, अल्जेरिया, हङ्कङ्, चेक गणतन्त्र, काजकिस्तान, रुस, इण्डोनेशिया, इजिप्ट, सिरिया सहित थुप्रै देश पर्दछन् । प्रतिरोध सङ्घर्षहरू प्रायः स्वतस्फूर्त छन्, कहिँ कतै प्रतिक्रियावादी वा संशोधनवादी पार्टीले नेतृत्व गरेका पनि छन् तर जनताको सहभागिता भने बढिरहेको छ । यो लेखको मुख्य आशय जनता किन सडकमा ओइरि इरहेका छन्, समस्याको साझा जड के हो, ती प्रतिरोध सङ्घर्षहरूको समानता कहाँ नेर छ र समस्याको दीर्घकालीन विकल्प के हो भन्ने प्रश्नको जवाफ खोज्नुमा रहेको छ ।

हामीले माथिको विश्लेषणमा स्पस्ट देख्यौं कि प्रतिरोधको उठान फरक-फरक विषयबाट भएको देखिए पनि अन्ततः जनताले आर्थिक असमानतालाई कम गर्नुपर्ने, रोजगारीको ग्यारेन्टी गर्नुपर्ने र भ्रष्टाचारको अन्त हुनुपर्ने विषयमा मूख्य जोड दिएका छन् र आन्दोलनको केन्द्रीय विषय यही हो । यो स्पस्ट छ पछिल्लो स्थितिमा साम्राज्यवादी देश होस् वा उत्पीडित मुलुक सबैतिर धनी र गरिवका बीचको असमानताको खाडल फराकिलो हुँदै गएको छ र देशहरू आर्थिक मन्दी वा सङ्कटमा फसेका छन् । यसका पछाडिको मूल कारण पुँजीवादी उत्पादन सम्बन्ध हो र यो प्रक्रियालाई नवउदारवादले तीव्रता प्रदान गरेको छ ।

यसका साथै नवउदारवादले सत्ताका सञ्चालकहरूको देश तथा जनताप्रतिको जिम्मेवारी र भूमिकालाई सिध्याइ दिएर तिनलाई एकाधिकारवादी पुँजीपति वर्गको कारिन्दामा रूपान्तरण गरिदिएको छ । फलस्वरूप साम्राज्यवादका दलाल सत्ताधारीहरूले एकातिर उदारीकरणको नाममा पुँजीपतिलाई वेलगाम छाडेर अथाह संपत्ति कमाउन छुट दिएका छन् भने अर्कोतिर मितव्ययिताका नाममा जनताका तलव, पेन्सन सहित सबैखाले सामाजिक सूरक्षा तथा सरकारी सुविधाको कटौती गरेर तिनलाई गरीविको रेखामुनि धकेल्ने काम गरेका छन् । यसरी, नवउदारवादले धनी र गरीवका बीच रहेको असमानताको खाडललाई अझ फराकिलो बनाउने काम गर्दै आएको छ । यतिबेला चिली, इक्वेडोर, लेवनान, इराक, फ्रान्स लगायत विभिन्न देशका सडकमा पोखिएको असमानताका विरुद्धको जनताको आक्रोस सारतः नवउदारवाद र निजीकरणका विरुद्ध कै आक्रोश हो ।

उसो त समाजवादी अर्थशास्त्रीहरूले मात्र होइन पुँजीवादी अर्थशास्त्रीहरूले समेत केही वर्षदेखि नवउदारवाद असफल भएको र त्यसको विकल्प खोज्नुपर्ने बताउन थालेका छन् । फ्रान्सका बुर्जुवा अर्थशास्त्री प्रोफेसर थोमस पिकेटीद्वारा २०१४मा लिखित "२१औ शताव्दीमा पुँजी" नामको पुस्तक नवउदारवादको कटुआलोचक रहेको छ । सो पुस्तक त्यो वर्ष विश्वमा सर्बाधिक विक्री भएको थियो । पुँजीवादी उत्पादन सम्बन्धका कारण धनी र गरीवका बीचको खाडल बढ्दै जाने कार्ल मार्क्सको विश्लेषणलाई नवउदारवादले व्यावहारिक रूपमै पुष्टि गरेको निस्कर्षसहित त्यस पुस्तकमा उनले नवउदारवादको विकल्प खोज्नु पर्ने कुरा औंल्याएका छन् । त्यसमाथि विश्व वैङ्कका उपाध्यक्ष र अमेरिकी राष्ट्रपति क्लिन्टनको आर्थिक सल्लाहकार समितिका अध्यक्ष समेत रहेका र अर्थशास्त्रमा नोबेल पुरष्कार विजेता प्रोफेसर जोसेफ इ. सिग्लिजले नवउदारवादको मृत्यु भैसकेको घोषण गरेका छन् । यिनीहरू मात्र होइन अन्य थुप्रै अर्थशास्त्रीहरूले समेत नवउदारवाद असफल भएको बताएका छन् ।

पछिल्ला दिनहरूमा सबैतिर सडकमा देखिने आक्रोश र विद्रोहका झिल्काहरू प्रायः आर्थिक असमानताका विरुद्ध केन्द्रित छन् । त्यो जनताको नवउदारवादका विरुद्धको अभिव्यक्ति हो । तर, यहाँ एउटा महत्वपूर्ण कुरा के छ भने यी पछिल्ला प्रतिरोध सङ्घर्षहरू प्रायः स्वतस्फूर्त देखिन्छन् र युवाहरू आन्दोलनको अग्रपङ्क्तिमा छन् । सही विचार र त्यस अनुसारको क्रान्तिकारी राजनीतिक नेतृत्व नभै आन्दोलन उचित निष्कर्षसम्म पुग्दैन भन्ने सच्चाइलाई आन्दोलनकारीले कति आत्मसात गरेका छन् त्यो भन्न सकिन्न । एकातिर, सडकमा ओइरिएका जनतासंग सही राजनीतिक नेतृत्व र वैकल्पिक कार्यक्रम नहुने र अर्कोतिर शाषक वर्गसंग जनताको आक्रोशलाई सम्बोधन गर्नसक्ने कुनै सही दृष्टिकोण, विचार, राजनीति र योजना नहुने स्थितिमा आन्दोलन के हुने हो, प्रश्न गंभीर छ । यो पछिल्लो जनप्रतिरोधले देखाएको यथार्थ चित्र हो । यस स्थितिमा आन्दोलनका अगाडि केवल तीनवटा मात्र विकल्प रहेका छन् । ती हुन् – एक, साम्राज्यवादी वा क्षेत्रीय शक्तिले आन्दोलनलाई आफ्नो प्रभावमा पारेर ती देशमा थप हैकम जमाउने दुई, सम्बन्धित देशको कुनै प्रतिक्रियावादी वा संशोधनवादी शक्तिले आन्दोलनलाई भऱ्याङ् बनाई आफ्नो राजनीतिक स्वार्थ सिद्ध गर्ने र तीन, आन्दोलन समुद्रको किनारामा आउने छाल झैं आँफै विलाएर जाने । विचार र नेतृत्व विनाको आन्दोलनमा जति जनता सडकमा पोखिए पनि त्यसको अन्तिम परिणाम यस्तै हुन्छ, स्वतस्फूर्त जनप्रतिरोध विना उपलब्धी टुङ्गिन्छ ।

तर यहाँनेर अर्को एउटा महत्वपूर्ण पक्ष के छ भने यस्ता विद्रोहको प्रक्रियामा भित्रभित्रै वैकल्पिक नेतृत्वको विकास पनि भइरहेको हुन्छ । यतिबेला जनप्रतिरोधको अग्रपङ्क्तिमा युवा विद्यार्थीहरूको बाहुल्य रहेको छ, यो अत्यन्तै राम्रो पक्ष हो । यी स्वच्छ दिमागका विद्रोही युवालाई मालेमावादी विश्वदृष्टिकोण र वैज्ञानिक समाजवादी राजनीतिक चेतनाले प्रशिक्षित गर्नका लागि सहयोग पुऱ्याउन सक्ने हो भने यी आन्दोलनमा देखिएको जनताको सहभागिताले पुँजीवाद र साम्राज्यवादी नवउदारवादको अन्त गर्न र विश्व समाजवादी क्रान्तिको ढोका खोल्नका लागि अव धेरै समय कुर्नुपर्दैन भन्ने प्रष्ट देखाएको छ ।

यसरी विश्वभरी सर्वहारा क्रान्तिका लागि वस्तुगत परिस्थिति अनुकुल बन्दै गएको छ तर आत्मगत स्थिति भने निकै कमजोर छ । विश्व कम्युनिस्ट आन्दोलनमा पुरानो पुस्ताको नेतृत्व वर्गका लागि यो एउटा निकै सकारात्मक चुनौति हो । यतिबेला विश्वभरी उठ्न थालेको प्रतिरोध सङ्घर्षले क्रान्तिमा फडका मार्नका लागि पुरानो पुस्ताको मालेमावादी नेतृत्वले मूख्यतः निम्नानुसारका काममा विशेष मेहनत गर्नु जरुरी छ । ती हुन्– एक, मालेमावादी विश्व दृष्टिकोणका आधारमा वर्तमान विश्व परिस्थितिको वस्तुवादी विश्लेषण दुई, कम्युनिस्ट पार्टीहरूका बीचमा अन्तर्राष्ट्रिय सङ्गठनको गठन तीन, विश्वमा साम्राज्यवाद विरोधी मोर्चाको निर्माण चार, मालेमावादी पार्टी भएका देशमा क्रान्तिकारी वर्ग सङ्घर्षको विकास र पाँच, मालेमावादी पार्टी नभएका देशमा पार्टीहरूको निर्माणमा सहयोग । यी पाँचवटा प्रमूख कामलाई योजनाबद्ध रूपमा अगाडि बढाउन सक्ने हो भने सडकमा देखिन थालेको जनताको प्रतिरोध सङ्घर्षलाई विश्व सर्वहारा क्रान्तिको पक्षमा नेतृत्व प्रदान गर्न सकिने संभावना गुणात्मक ढङ्गले बढेर गएको छ । कम्युनिस्ट आन्दोलनको पुरानो पुस्ताले क्रान्तिकारी दायित्व पुरा गर्न र आफ्नो वैचारिक तथा राजनीतिक औचित्य पुष्टि गर्न समेत यो संभावनालाई पक्डेर अगाडि बढने हिम्मत गर्नै पर्छ । गाह्रो अवश्य छ, तर विश्व सर्वहारा क्रान्तिको भविष्य उज्ज्वल छ । *कार्तिक २६, २०७६*

# अनूदित कथा : पाठक

रात छिप्पिँदै थियो जतिखेर म त्यस घरवाट विदावारी भएँ जहाँ साथीहरूको एक गोष्ठीमा आफ्नो प्रकासित कथासंग्रहमा समेटिएको एउटा कथा वाचन गरेको थिएँ र साथीहरूले प्रशंसाको पुल वाँध्न कुनै कसर बाँकी छाडेका थिएनन् ' म मग्न भावमा शनैः शनैः पाइला वढाइरहेको थिएँ ' हृदय पुलकित र आनन्दविभोर थियो अनि आफूले पहिले कहिल्यै नपाएको खुसीको अनुभूति भइरहेको पनि थियो'

फेब्रुअरी महिनाको त्यस रातमा वादलरहित आकासका ताराहरू हलुका हिमपातका कारण सोह्र श्रृङ्गारमा सजिएको धर्तिउपर स्फूर्तिदायक शीतलता सञ्चार गरिरहेका थिए '

'यो संसारमा मानिसहरूको चक्षुअघि केहि विशेष हुनु सुन्दर कुरा हो!' म सोच्दै थिएँ अनि आफ्नो भविष्यको चित्रमा उज्यालो रङ्ग भर्ने कल्पनामा लीप्त थिएँ '

'हो, तपाईले एउटा निकै प्यारो चीज लेख्नु भएको छ, यसमा कुनै सन्देह छैन !'- हठात् आफ्नो पछाडीवाट गुन्गुनाइएको आवाजले म झस्कें ' पछाडी फर्की हेर्दा कालो वस्त्रधारी एक होचो कदको मानिस मुस्कुराउँदै मेरो नजिक आइरहेको देखें ' एउटा अचम्मलाग्दो सरल मानिस, जसका आँखा, गाला छेड्न उद्यत हाड, झुस्स परेको वोकेदाह्री, साना तर भ्याङ्गिएका आँखीभौं, हिउँमा चिप्लिइरहेको झैं लाग्ने आवाजहीन र हल्का हिँडाइ, ऊ साँच्चै अनौठो थियो ' उसको टिप्पणीले मलाई चकित तुल्यायो कारण गोष्ठीका सहभागीहरूको भीडमा मैले उसलाई देखेको थिइनँ ' ऊ को थियो? कहाँवाट आएको थियो?

'के तपाईले 'मतलव' मेरो कथा सुन्नुभएको थियो?' मैले सोधें '

'हजुर, मलाई त्यो सुन्ने सौभाग्य प्राप्त भयो '' उसको आवाज तिखो थियो अनि आफ्ना पातला ओठ तथा छोटो कालो जुँगाविच ऊ आफ्नो मुस्कान लुकाउन सक्दैनथ्यो ' उसको मुहारको मुस्कुराहट हराउने कुनै लक्षण देखिंदैनथ्यो, फलतः ऊ मलाई वडो अजीव लाग्यो '

'आफूले आफैलाई अरु सवैभन्दा फरक अनुभव गर्नु अतिनै सुखद कुरा हो, हैन त?' मेरो अजीव मित्रको सोधाई '

मलाई उसको प्रश्नमा असहमति जनाउन योग्य कुनै असाधारण तत्व भएजस्तो नलागेकाले ढीलाई पनि गरिनँ '

'हा! हा! हा!' आफ्ना दुव्लापातला औंलाहरूले हातलाई सुम्सुम्याउँदै ऊ हाँस्यो तर उसको हाँसो मलाई अपमानित गर्ने खालको थियो '

'तपाईं निकै रसिक र हंसमुख देखिनुहुन्छ नि!' तर मैले रुखो स्वरमा भनेको थिएँ '

'त्यो त हो '' ऊ मुस्कुराउँदै र टाउको हल्लाउँदै बोल्यो, 'यसको अलावा म टाउको खुइलिने मान्छे पनि हुँ किनकि म संधै नयाँ नयाँ कुरा सिक्न चाहिरहन्छु र हरेक नयाँ चिज वुझ्न खोज्दछु ''

यति भनेर ऊ एकपटक फेरि हाँस्यो अनि आफ्नो काला र तीखा आँखा मतर्फ हुर्याजयो ' मैले पनि उसलाई त्यसरी नै हेर्दै शान्त स्वरमा भनें, 'माफ गर्नुहोला, तर के म जान्न सक्छु कि मलाई को संग कुराकानी गर्ने सौभाग्य''

'क को हुँ, के तपाई अनुमान लगाउन सक्नुहुन्न ? जे होस्, यतिखेर तपाईलाई यो मान्छेको नाम ज्यादा महत्वपूर्ण लाग्दैछ या जे ऊ भन्न चाहँदैछ?'

'निश्चय पनि होइन, तर यो सबै' सबै अजीव छन्' मैले जवाफ दिएँ '

उसले मलाई धाप मार्दै एक हल्का झट्का दियो र शान्त हाँसोसाथ भन्यो, 'हुन दिनुस् अजीव ' मानिसले कहिलेकाँही जिन्दगीका साधारण सीमाहरू पर गर्ने इच्छा गर्नुपर्छ ' तपाईलाई असहज हुँदैन भने आउनुस् खुलेर कुराकानी गरौं ' तपाईं यत्ति जान्नुहोस् कि म तपाईंको एक पाठक हुँ - एक विचित्र प्रकारको पाठक - जो यो जान्न उद्यत रहन्छ कि कुनै पनि लेखाइको पछाडि लेखकीय अभीष्ट के छ? भन्नुस्, के यसप्रकारको कुराकानी मन पराउनुहुन्छ?'

'निश्चय पनि!' मैले भनें, 'मलाई खुसी लाग्नेछ किनकि यसप्रकारका पाठकहरू संधै भेट हुँदैनन् '' तर मैले झूठो वोलेको थिएँ किनकि ऊ मलाई निकै वोझलो लाग्दैथियो, तरपनि शिष्टाचारको मु।ा वनाई उसको कुरा ध्यानपूर्वक सुन्दै सुस्त गतिमा ऊ संगै हिंडिरहें '

क्षणिक मौनता पश्चात उसले विश्वासपूर्ण आवाजमा उठान गर्यो, 'मानवीय व्यवहारमा निहीत उद्देश्य र अभीष्टभन्दा ज्यादा विचित्र र महत्वपूर्ण तत्व यो संसारमा अरु केहि छैन ' के तपाईं यो स्वीकार्नुहुन्छ?' मैले टाउको हल्लाउँदै सहमती पेश गरें '

'तव ठीक छ, आउनुस् खुलेर कुरा गरौं किनकि जवसम्म तपाईं युवक हुनुहुन्छ, खुलेर कुरा गर्ने कुनैपनि अवसर फुत्किन दिनु हुँदैन ''

'अचम्मको मान्छे!' मैले सोचें तर उसको शव्दहरूले मलाई अल्या ई सकेका थिए '

'त्यो त ठीक छ '' मैले पनि मुस्कुराउँदै भनें, 'तर हामी के विषयमा कुराकानी गर्नेछौं ?'

लामो समयदेखि चिनाजानी भएझैं उसले घनिष्ठतापूर्वक मेरो आँखामा हेर्दै भन्यो, 'साहित्यको उद्देश्यहरूका वारेमा कुरा गर्दा कसो होला?'

'हुन्छ तर', काफी ढीला भइसकेको छ ''

'अहो! तपाईं अहिले नौजवान हुनुहुन्छ ' तपाईंको हकमा ढीला भएको छैन '' उसका शव्दहरूले मलाई किंकर्तव्यविमूढ र स्तव्ध तुल्याए ' उसले ती शव्दहरू फरक आशय र अर्थका लागि निकै गम्भीरताका साथ उच्चरित गरेको थियो ' उसको भविष्य्ष्टा उद्घोषले मलाई थिल्थिल्याए तर ऊ भने मेरो हात समाई अघि लम्किइरह्यो '

'नरोकिनुहोस्, तपाईं मेरो साथ सही वाटोमा हुनुहुन्छ '' उसले कुरा सुरु गर्दै भन्यो, 'तपाईं यो वताउनुहोस् कि साहित्यको उद्देश्य के हो?' मेरो छट्पटी बढ्दो अनि आत्मसन्तुलन घट्दो क्रममा थियो ' आखिर यो मान्छे मबाट के चाहन्छ र को हो ? निःशन्देह ऊ एउटा चाखलाग्दो मानिस थियो तर उप्रतिको मेरो चाह भने कम हुँदै थियो ' उवाट पिछा छुटाउने एक अर्को चेष्टास्वरूप पाइलाको चाल छरितो पार्दै अगाडि वढें तर उ पछाडि छुट्नेवाला थिएन, बल्की साथमै हिँड्दै शान्तपूर्वक भन्यो, 'म तपाईंको अप्ठ्यारो वुझ्दछु ' एकाएक साहित्यको उद्देश्य व्याख्या गर्नु कठीन नै हुन्छ ' त्यसो भए के मैले सुरु गरौं?'

उसले मुस्कुराउँदै मलाई हेर्यो् र मेरो जवाफको प्रतीक्षा नगरिकनै वोल्न सुरु गर्योस, 'सायद तपाईं यस कुरामा सहमत हुनुहुनेछ कि साहित्यको उद्देश्य आफैलाई चिन्न मानिसहरूलाई मद्दत गर्दै आत्मविश्वासी र दृढ वनाउनु अनि सत्यान्वेषणमा सहयोग पुर्यादउनु तथा सत्योद्घाटन गर्दै पवित्र सौन्दर्य चेतले जीवन शुभ वनाउनु हो ' यत्ति त तपाईं मान्नुहुन्छ?'

'अँ' मैले भने, 'मूलभूत रूपमा यो सत्य हो कि साहित्यको उद्देश्य मानिसहरूलाई झनै राम्रो वनाउनु हो ''

'त्यसो भए हेर्नुहोस् त, लेखकको रूपमा तपाईं कति महानतम् अभीष्टका लागि काम गर्नु हुन्छ '' मेरो साथीले आफ्नो भनाइलाई जोड दिंदै वोल्यो र फेरि उही तीखो हाँसो हाँस्न थाल्यो, 'हा! हा! हा!'

तर मलाई भने यो निकै अपमानपूर्ण प्रहार लाग्यो ' म दुःख र आवेशले कराएँ, ' आखिर तपाईं म वाट के चाहनुहुन्छ?'

'आउनुस्, एक क्षण वगैंचामा वसौं '' उसले हल्का हाँसोका साथ मेरो हात तान्दै प्रस्ताव गर्यो '

हामी शहरी क्षेत्रको एक वगैंचामा आइपुगेका थियौं ' चारैतिर ठूलाठूला वृक्षहरू थिए जसका पातहरूमाथि हिउँ जमेको थियो ' जूनको उज्यालोमा चम्किलो भई हाम्रो शीरमाथि यत्रतत्र छरिएका ती श्वेत हीम-पत्रहरू मलाई वरफको कवचजस्तै लागे जो मेरो छाती हुँदै हृदयसम्म घुसेको भान हुन्थ्यो '


मैले चुपचाप मेरो साथीको मुहारमा हेरें जसको व्यवहारले मलाई चक्करमा हालिदिएको थियो ' 'यसको दिमागको कुनै पुर्जा ढीला भएजस्तो छ' मैले सोचें र उसको व्यवहारलाई यसप्रकारको व्याख्या गर्दै सान्त्वना वटुल्ने चेष्टा गरें '

'सायद तपाईंलाई यस्तो लागेको हुनुपर्छ कि मेरो मष्तिष्क केहि खुस्केको छ '' उसले मेरो मनोविज्ञान उपर हस्तक्षेप गर्दै भन्यो, 'किन्तु त्यस्तो विचार आफ्नो दिमागवाट हटाइदिनू, किनकि त्यो अशोभनीय र हानिकारक छ, बल्की केहि यस्तो मानिसवारे सोच्नुस् जो तपाईंभन्दा भिन्न होस् ' कोल्टे फेर्दै हामी केहि फरक सोच्ने झण्झटवाट मुक्त हुन खोज्दछौं ' मनुष्य प्रति मनुष्यको दुखद उदासिनताको त्यो अति राम्रो प्रमाण हो ''

'ल ठीक छ '' मेरो छट्पटी बढ्दै थियो, 'किन्तु माफ गर्नुस् अव म हिंड्छु ' रात निकै वढिसकेको छ ''

'जानोस्' आफ्नो काँध खस्काउँदै उसले भन्यो, 'तर यो वुझ्नुस् कि तपाईं आफैदेखि भाग्दै हुनुहुन्छ '' उसले मेरो हात छोडिदियो र म त्यहाँवाट हिडें '

ऊ वगैचाको एक छेउमै रोकियो ' त्यहाँवाट भोल्गा नदी स्पष्ट देखिन्थ्यो जसमाथि वरफको च्यादर छाएको थियो ' अगाडि टाढासम्म निस्तव्धता र उदासीमा डुवेको विस्तृत मैदान थियो ' ऊ वगैंचाकै एक रुखमुनिको वेन्चमा वस्यो र खुला मैदानतर्फ



● म्याक्सिम गोर्की ●

हेर्दै सुसेलीको आवाजमा एक परिचित गीतको धुन गुन्गुनाउन थाल्यो '

उनीहरू हामीलाई के वाटो देखाउछन्
जसलाई आफ्नै वारे केहि थाहा छैन'

मैले फर्केर उसलाई हेरें ' आफ्नो कुहिनोलाई घुँडामा राखी सुसेलिरहेको ऊ पनि मलाई नै हेरिरहेको थियो ' चाँदनी उज्यालोका कारण चम्किइरहेकाम्याक्सिम गोर्कीतलो जुँगा हल्लिइरहेको देखिन्थ्यो ' यो विधीको विधान हो भन्ने सोच्दै मैले ऊ भएठाउँमा फर्कने निधो गरें र छिटो छिटो पाइला चाल्दै उसको छेउमा गइ वसें '

'हेर्नुस्, यदि तपाईंलाई मसंग कुराकानी गर्नुछ भने सीधा र सोझो ढंगमा गर्नुस् '' मैले आवेशपूर्वक तर आफूलाई नियन्त्रणमा राख्दै भनें '

'मान्छेहरूसंग संधै सीधा र सोझो ढंगमा कुरा गर्नुपर्छ '' उसले आफ्नो टाउको हल्लाउँदै स्वीकार गर्योर, 'तर तपाईंले पनि यो स्वीकार गर्नुपर्नेछ कि मैले त्यस्तो ढंगको व्यवहार नगर्दा तपाईंको ध्यानाकर्षण हुनसक्ने थिएन ' आजकल सीधा, सोझो र सफा कुरालाई निरस र रुखो करार दिइ नजर अन्दाज गरिन्छ ''

'तर सत्य कुरा के हो भने हामी यत्ति कठोर र चिसो भइसकेका छौं कि कुनैपनि कुरामा कोमलता र जोश ल्याउन असमर्थ हुन्छौं ' हामी तुच्छ कल्पना र दिवास्वप्नमा रमाउन अनि आफूले आफैलाई केहि विचित्रको महसुस गर्न चाहन्छौं किनकि हामीले सिर्जना गरेको जीवन नीरस, निरुद्देश्यीय र रङ्गहीन छ ' जुन जीवनलाई वदल्न हामी यत्ति लगन र आवेशका साथ लागिपर्यौंक, त्यसले नै हामीलाई कुल्चेको छ अनि तोडेको पनि '' एकक्षण मौन रहँदै उसले भन्यो, 'म ठीक भन्दैछु, हैन त ?'

'हजुर' मैले भने, 'तपाईंको भनाई ठीक छ ''

'तपाईं निकै चाँडो घुँडा टेक्नुहुँदो रहेछ '' तीखो हाँसो हाँस्दै मेरो प्रतिवादीले मलाई गिज्यायो ' म स्तव्ध भएँ ' उसले आफ्नो विचित्र नजर मतर्फ सोझ्याई मुस्कुराउँदै वोल्यो, 'तपाईंले लेख्नुभएका सिर्जना हज्जारौं पाठकहरूले पढछन् ' तपाईं कस्तो कुराको प्रचार गर्नुहुन्छ? अनि के कहिल्यै तपाईंले आफैलाई यो सोध्नुभएको छ कि अरुलाई वेमलतवका कुरा सिकाउन तपाईं कसरी अधिकार प्राप्त हुनुहुन्छ?'

आफ्नो जीवनमै पहिलोपटक मैले आफूभित्र नियालें, आफैलाई परीक्षा लिएँ ' हो त, मैले के कुराको प्रचारवाजी गर्दै छु? पाठकहरूलाई वताउन मसंग त्यस्तो विशेष के छ? के संधै सवैले वोल्ने र भन्ने तीनै सारा चिज, जसले मानिसमा कुनै तात्वीक वदलाव ल्याउने सामर्थ्य राख्दैनन्, त्यस्ता नीति, विचार र वाणीहरू प्रचार गर्ने हक मलाई छ, जसलाई न त म विश्वास गर्छु न त व्यवहार मा नै ल्याउँछु? यदि मेरो आचरण ती तत्वहरूको खिलाफ छ भने मैले तिनीहरूलाई अविश्वास गरेको पुष्टी हुँदैन र? यो मान्छेलाई म के जवाफ दिउँ, जो मेरो छेउमै वसेको छ?

तर उसले मेरो जवाफको प्रतीक्षा नगरी फेरी वोल्न आरम्भ गर्योम, 'एक समय थियो जतिखेर यो धर्तीको लेखनकला जीवन, सत्य अनि मानव मनको गम्भीर अध्येताहरूले आवाद थियो जसमा यो संसारलाई सुन्दर वनाउने सर्वप्रवल आकंक्षा अनि मानव प्रकृति प्रतिको गम्भीर विश्वास अनुप्रणित थिए, उनीहरूले लेखेका पुस्तक कहिल्यै विस्मृतिको गर्भमा विलीन हुन सक्नेछैनन् ' कारण तिनले अमर सच्चाइलाई अंकित गरेका छन् र तिनका पृष्ठहरूले कहिल्यै मलिन नहुने सौन्दर्य प्रष्फुटित गर्दछन् ' तिनमा चित्रित पात्रहरू जीवनका सच्चा पात्रहरू थिए किनकि आफूप्रेषित प्रेरणाका कारण उनीहरू जीवन्त भएका थिए ' ती पुस्तकहरूमा साहस छ, प्रदीप्त आवेग अनि उन्मुक्त साँचो प्रेम पनि छ र त्यहाँ निरुद्देश्यीय कुनै शब्द छैन ''

'मलाई थाहा छ, तपाईंले पनि त्यस्तै पुस्तकहरू पढी पोषण ग्रहण गर्नुभएको छ तरपनि तपाईंको आत्माले त्यो उचाई पाउन सकेन ' सत्य र प्रेमका वारेमा तपाईं जे लेख्नुहुन्छ, त्यो झूठ र अनुभूतिशुन्य प्रतीत हुन्छ ' लाग्छ जसरी जवरजस्ती शव्दहरू वोलिएका होउन्, चन्ऽमा झैं तपाईं पनि अरुको उज्यालोमा प्रदीप्त हुनुहुन्छ तर तपाईंको चहक अत्यन्त धमिलो छ, त्यसले छायाँ त सिर्जना गर्न सक्ला तर आलोक र ताप विल्कुलै सिर्जना गर्दैन ''

'यथार्थमा तपाईं खुद यति गरीव हुनुहुन्छ कि अरुलाई केहि दिन सक्नुहुन्न जो वस्तुतः मुल्यवान होस् या केहि दिनुभयो भनेपनि आफूले सुन्दर विचार र शव्दहरूको निधी विस्तार गरी जीवनलाई सम्पन्न वनाउन सकें भन्ने भावको सर्वोच्च सन्तोषानुभूतिका साथ होइन, वल्की यसकारण कि जीवन र अरुसंग अधिकाधिक लिन सक्नुहोस् ' तपाईं यत्ति गरीव हुनुहुन्छ कि उपहार दिन सक्नुहुन्न या त तपाईं नाफाखोर हो जो आफ्नो अनुभवका टुक्राहरू लेनदेन गर्छ फलतः ख्यातिको रूपमा केहि नाफा वटुल्न सकियोस् ''

'तपाईंको लेखाइले विषयवस्तुको सतही उजागर गरेको छ ' जीवनका तुच्छ परिस्थितिलाई नै तपाईं खोतल्ने र कुँद्ने गर्नुहुन्छ ' तपाईं साधारण मानिसलाई साधारण भाव वर्णन पढाउनुहुन्छ ' हुनसक्छ, त्यसमा तपाईंले जीवनका अनेकौं महत्ताहीन साधारण सच्चाइहरू सिकाउनुहोला, तर के तपाईं केहि त्यस्तो सिर्जना गर्न सक्नुहुन्न जसले मनुष्य आत्मालाई झनै उँचो वनाउने सामर्थ्य राखोस्? यत्रतत्र फिँजिएका विकृति, विसंगति र फोहरहरू चित्रण गर्दै के तपाईं यो सिद्ध गर्न चाहनुहुन्छ कि मानवजाती खराव, पतीत, मूर्ख औं महत्वहीन परिस्थितिको गुलाम तथा सदैव दयनीय, कमजोर र एक्लो प्राणी हो?'

'यदि तपाईं सोध्नुहुन्छ भने मानिसको विषयमा यस्ता घृणित प्रचारवाजी मानवताका शत्रुहरूले गर्छन् र दुःखको कुरा यो हो कि उनीहरू मानवहृदयमा यस्तो भावप्रति विश्वास जगाउन केहि हदसम्म सफल भैसकेका पनि छन् ' तपाईं आफै हेर्नुहोस् न, आज मानव मन कति खस्केको छ अनि उसको आत्माको तार कत्ति वेआवाज भैसकेको छ ' यो अस्वभाविक पनि होइन किनकि उसले आफूलाई त्यही रूपमा देख्छ जस्तो कितावहरूमा वर्णन गरिएको हुन्छ ''

'अनि पुस्तकहरूले, खासगरी लेखनशील्पले भरिएका भ्रम पैदा गर्न समर्थ कितावहरू, पाठकहरूलाई हतवुद्धी गर्दै एक हदसम्म आफ्नो वशमा पार्दछन् ' यदि तिनमा मानिसहरूलाई कमजोर, दयनीय र एक्लो देखाइएको छ भने आफूलाई नै पुस्तकको पात्रका रूपमा आफ्नो कमजोर पक्ष देख्छन् तर उनीहरूले यो वुझ्न भने सक्दैनन् कि सुधारको कुनै सम्भावना पनि मौजूद छ ''

'के तपाईंमा त्यो सम्भावना उजागर गर्ने क्षमता छ ? तर तपाईं यो सबै कसरी गर्न सक्नुहुन्छ, जवकी तपाईं स्वयम् नै' ' हुन दिनुस्, म तपाईंको भावनालाई चोट पुर्या।उन चाहन्न किनकि मेरो कुरा काट्ने या आफ्नो विचार पस्कने कुनै कोशिस नगरी तपाईं निरन्तर मलाई सुनिरहनु भएको छ ''

'तपाईं आफूलाई मसीहाको रूपमा चिन्नुहुन्छ र सोच्नुहुन्छ कि विकृतिहरू उजागर गर्नैका लागि तपाईंलाई ईश्वरले यो संसारमा पठाएका छन् ताकि सुन्दरताको विजय होस्, तर खराबलाई असलसंग छुट्याउँदाको वखत के तपाईंले यो देख्नुहुन्न कि यी दुवै एक अर्कासंग गाँसिएका छन् र यिनलाई अलग थलग गर्नै सकिन्नँ? मलाई त यसमै ठूलो शंका छ कुनै ईश्वरले तपाईंलाई आफ्नो मसीहाको रूपमा पठाएको होस् ' यदि उसले पठाएकै हुन्थ्यो भनेपनि तपाईंभन्दा ज्यादा त्यस्तो वलशाली मानिसलाई यो कामको लागि चुन्नेथियो, जसको हृदयमा जीवन, सत्य अनि मानवप्रेमको दीप प्रज्जवलित होस् ताकि सांसारिक अन्धकारमा आफ्नो गौरव र शक्तिरूपी मशालमार्फत आलोक फिँजाउन सकोस् ' तर तपाईं जस्ता लेखकहरू प्रकाश र ताप होइन केवल हानिकारक धुँवा पस्कनु हुन्छ र त्यस धुँवाको कारण मानिसहरू आत्मविश्वासहीनताले भरिन्छन् ''

'तसर्थ'तपाईं र तपाईंजस्ता अन्य कयौं लेखकहरूको एक सचेत पाठकको हैसियतले म सोध्दछु - तपाईं किन लेख्नुहुन्छ ? तपाईंका कृतिहरूले केहि सिकाउँदैनन् र पाठकले केवल तपाईंहरू वाहेक अरु केहि कुरामा लज्जावोध गर्दैन ' तपाईंहरूका सबैथोक आम साधारण छन् - आम साधारण मानिस, आम साधारण विचार, आम साधारण घट्ना ' आत्मीक वि।ेह र पुनर्जागरणवारेमा तपाईंहरू कहिले वोल्न सुरु गर्नुहुन्छ? तपाईंहरूको लेखनमा रचनात्मक जीवनको त्यस इन्ऽेणी खोइ, वीरत्व औं दृष्टान्त अनि प्रोत्साहनका शब्दहरू कहाँ छन्, जसलाई सुनेर आत्माले आकासीय चन्ऽमाको उचाई हासिल गरोस् ' सायद तपाईं भन्नुहोला - जो हामी पेश गर्छौं, त्यसवाहेक जीवनमा अन्य नमूनाहरू कहाँ पाइन्छन् र ?'

"हुन त मुखवाट यस्तो शव्द निकाल्न उचित नहोला तर जसलाई श्रृष्टिकर्ताले लेखनशक्ति दिएका छन् उनीहरूले जीवनसामु आफ्नो पँगुपन अनि त्यसमाथि उठ्ने असमर्थता स्वीकार गर्नु, निकै लज्जा र अपमानको कुरा हो ' यदि तपाईंको स्तर पनि त्यहि हो, जस्तो आम मानिसको हुनेगर्छ, अर्थात यदि तपाईं त्यस्तो काल्पनिक नमुनाको रचना गर्न सक्नुहुन्न जो जीवनमा मौजुद नरहँदा सुधारको अत्यावश्यकता हुन्छ, तव तपाईंको कृतित्व कुन रोगको औषधि हो त? त्यतिखेर तपाईंको धन्दाको के सार्थकता रहन्छ र?'

'मानिसको दिमागलाई उनीहरूको घट्नाविहीन जीवनको फोटोग्राफिक तस्वीरहरूको गोदाम वनाउँदाको क्षण आफ्नो हृदयमा हात राखी आफैलाई सोध्नुहोस् के त्यसो गरिरहँदा तपाईं नोक्सानी पुर्यााइरहनु भएको त छैन? कारण - र तपाईंले तुरुन्तै स्वीकार गरिहाल्नु पर्छ कि तपाईं जीवनको त्यस्तो यस्तो तस्वीर पेश गर्ने ढंग जान्नुहुन्न जसले प्रतिशोधपूर्ण चेतनाको जन्म देओस्, जीवनमा नयाँ रङ्गको स्पन्दनलाई तीव्रता प्रदान गरोस् अनि त्यसमा स्फूर्तिको सञ्चार गर्न उद्यत होओस् ' र यस्तो चेष्टा केहि लेखकहरूले गरिसकेका पनि छन् ''

मेरो विचित्र साथी हठात् रोकियो ' म केहि नबोली उसका भनाइहरूप्रति घोत्लिँदै थिएँ ' केहि क्षण पश्चात उसले फेरि भन्यो, ' एउटा अर्को कुरा, के तपाईं यस्तो आल्हादपूर्ण हाँस्य रचना गर्न सक्नुहुन्न, जसले आत्माका सबै मैलाहरू पखाल्न सकुन्? हेर्नुस् न, मानिसहरू ठीक ढंगले हाँस्न एकदमै विर्सिसके ' उनीहरू कुत्सीत हाँसो हाँस्छन्, कुटील अनि नीच पाराले हाँस्छन् ' उनीहरू आफ्ना आँशु रोकेर हाँस्छन् तर हृदयानन्द उल्लासले कहिल्यै हाँस्दैनन्, जुन हाँसोले वयस्कको पेटमा बल परोस्, अनि अस्थिहरू वोल्न थालुन् किनकि राम्रो हाँसो एक स्वस्थकर तत्व पनि हो ' मानिसहरू हाँस्नु अत्यावश्यक पनि छ किनकि त्यो यस्तो विशिष्ठ क्षमता हो, जसले मानवजातीलाई अन्य जनावरहरू भन्दा अलग राख्दछ ' के तपाईं निन्दाको हाँसो सिवाए अरु कुनै प्रकारको हाँसो जन्माउन सक्नुहुन्न? निन्दाको हाँसो त बजारिया हाँसो हो जो मानव जीवनधारीलाई हाँसोको पात्र बनाउन यसकारण समर्थ छ कि उनीहरूको स्थिति दयनीय छ ''

'तपाईंले आफ्नो हृदयमा मानवीय कमजोरीहरूप्रति महान घृणा अनि मानव जातीप्रति महान प्रेमको विकास गर्नुपर्छ, तबमात्र तपाईं अरुलाई सिकाउने अधिकारी बन्न सक्नुहुन्छ ' यदि तपाईं घृणा र प्रेम मध्ये कुनै एकलाई पनि अनुभव गर्न सक्नुहुन्न भने टाउको तल राख्नुस् र केहि वोल्नुपूर्व सयौंपटक सोच्नुस् ''

वाहिर विहानीको लक्षण देखा परिसकेको भएपनि मेरो हृदयमा भने गहिरो अन्धकार विद्यमान थियो ' त्यो मान्छे जो मेरो अन्तरप्रति यति साह्रो जानकार छ , अझै वोल्दै थियो '

'सबै कुराका वावजूद जीवन झनै प्रशस्त अनि गहिरो हुँदै गइरहेको छ ' तर यो प्रकृया अति मन्द गतिमा चलिरहेछ कारण तपाईंहरूसंग त्यस मन्दीलाई तीव्रतामा वदल्न लायक न कुनै शक्ति छ, न ज्ञान ' जीन्दगी अघि वढिरहेछ र मानिसहरू दिनप्रतिदिन थप नयाँ नयाँ कुराहरू सिक्न खोजिरहेछन् ' उनीहरूको प्रश्नको उत्तर कसले देला, त्यो तपाईंहरूको काम हो तर के तपाईं त्यस गहन अध्येता हुनुहुन्छ जो अरुको अगाडि आफूलाई खोलेर विछ्याउन सकोस्? के तपाईं जान्नुहुन्छ कि समयको माग के हो? के तपाईंलाई भविष्यको जानकारी छ? अनि के तपाईं आफ्ना शव्दहरू मार्फत त्यस मानवहृदयमा नयाँ प्राण भरिदिन सक्नुहुन्छ जसलाई जीवनको नीचताले भ्रष्ट अनि निरास वनाइदिएको छ ?'

'तपाईं किन केहि जवाफ दिनुहुन्न?' उसले थप वोल्यो, 'खैर त्यसले केहि फरक पार्नेछैन ' म तपाईंको मनको हालत वुझ्न सक्छु ' जे होस्, म अव हिँडे ''

'यत्ति छिटो?' मैले मलिन आवाजमा वोलें कारण म उसंग चाहे जतिनै भयभीत होउँ, म आफैसंग डराइरहेको थिएँ '

'हो, म जाँदै छु तर म फेरि आउनेछु ' मेरो प्रतीक्षा गर्नुहोला ''

अनि ऊ हिँड्यो ' तर के ऊ साँच्चै गयो त? मैले ऊ जाँदै गरेको देखिनँ ' ऊ छायाँसरी पलभरमै मौन तवरले गायव भयो ' म वगैंचामै वसिरहें - निरन्तर लामो समयसम्म - मलाई न त ठण्डीको पत्तो थियो न त यस कुराको हेक्का नै कि सूर्य उदाइकन हिमकणहरूमाथि चम्किइरहेको छ ।

## भारतीय...

माओवादी)को योजनामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, क्रान्तिकारी युवा लिगव्दारा गत साल काठमाडौंका विभिन्न कार्यालयहरूमा, मन्त्रालयहरूमा समेत अनुगमन गरी, त्यहाँका अधिकारीहरूलाई यस प्रकारका नक्शा किन झुण्ड्याइएको ? भन्ने प्रश्न समेत सोधिएको थियो । प्रायः सबैले यसकोबारेमा जानकारी नै नभएको र सरकारले पठाइदिएको हुनाले यो नक्शा टाँगिएको बताएका थिए । अब आइन्दा यो नक्शाको प्रयोग नगर्न चेतावनी समेत दिइएको थियो । यससँग सम्वन्धित भूमिसुधार मन्त्रालयमा गएर भूमिसुधार मन्त्रीलाई भेटी, यो नक्शा हटाएर नेपालको सम्पूर्ण भूभाग समेटिएको नक्शा सरकारले तयार पार्न सक्छ कि हामी नै तयार पारौं भन्ने प्रश्न पनि गरिएको थियो । मन्त्रीले यो काम सरकारले गर्नेछ भनेर वचन दिए पनि पुरा भने नगरेको अवस्था थियो । भारतव्दारा वितरित उक्त नक्कली नक्शा विरोध सभाको आयोजना गरी जलाउने काम समेत भएको थियो । तर, नत सरकारको न त अन्य पार्टीहरूको कानमा बतास लागेको थियो, त्यतीखेर । अहिले आएर यसमा सबैको चासो बढ्नु खुसीको कुरा हो । भारत सरकारले गरेको यो ज्यादतीको कारण धेरैको आँखा खुलेको छ । यो राम्रो कुरा हो ।

समस्याको मूल कारण भारत सरकारले नियतपूर्वक गरेको ऐतिहासिक तथ्य र यथार्थलाई नै उल्टाएर अर्कै बनाउने जालसाँजी नै हो । सन् १८१६ मा तत्कालिन भारतको इष्ट इन्डिया कम्पनीको सरकार र नेपाल सरकारका प्रनिनिधिका वीचमा भएको सन्धीको पाँचौं बुँदामा “कालीनदी भन्दा पश्चिमको भाग नेपालका राजाले दावी नगर्ने” भन्ने उल्लेख छ । त्यसैको उत्तराधिकार सम्हालेका भारत सरकारहरूले आफ्नो भूभाग कती हो त्यसैको नक्सा तयार पार्नु पर्ने हो । उसले त्यसबाट निर्धारित भूभागको सुरक्षा गर्नु पर्ने हो । तर, भारत सरकारले जानीबुझी महाकाली नदीको उद्गमनै बदल्ने, कृत्रिम काली नदी सिर्जना ागर्ने जस्ता लाजमर्दा कृयाकलाप गरिरहेको छ । अनेक तथ्यले पुष्टी गर्दछन् कि त्यो सिमा नदी महाकालीको उद्गम लिम्पियाधुरा हो र त्यो भन्दा पूर्वको भाग नेपालको अविभाज्य भूभाग हो । यो ऐखिहासिक तथ्यलाई उल्टाएर अर्कै तस्वीर र नक्शा बनाएर लिम्पियाधुराबाट धेरै पूर्व तिर पर्ने लिपुलेकको एउटा खोल्सीलाई महाकाली नदीको उद्गम हो भन्ने प्रमाणित गर्ने दुस्प्रयास गरिएको छ । यो जालसाँजी भारत सरकारकालागि निकै महँगो पर्ने स्पष्ट छ । यदि भारत सरकारले यसैमा अडान लिई नै रह्यो भने उसले सन् १८१६ को सुगौली सन्धीलाई नमानेको वा खारेज गरेको ठहर्ने छ । जब एक पक्षले मान्दैन भने त्यो सन्धीको औचित्य के भन्ने प्रश्न उठ्नु स्वधाविक बन्न जान्छ । त्यो अवस्थामा नेपालले सुगौली सन्धी हुनु भन्दा अघिको सिमाना कहाँ सम्म थियो भन्ने खोजी गर्नु पर्ने अवस्था आउन सक्छ । नेपालको सिमानामा अतिक्रमण गरिरहँदा मोदी सरकारले यस विषयमा कुनै ध्यान नदिएको देखिन्छ ।

नेकपा(क्रान्तिकारी माओवादी)ले भारतको यो अतिक्रमणका विरुद्ध संघर्षमा उत्रन जनतालाई आह्वान गरेको छ । देशभक्त जनगणतान्त्रिक मोर्चाले काठमाडौं, चितवन, जनकपुर, धनगढी, लगायत देशका विभिन्न भागमा अतिक्रमणका विरुद्ध विरोध प्रदर्शन गर्दै आएको छ । विप्लवले नेतृत्व गरेको नेकपाले पनि भारतव्दारा भएको यो अतिक्रमण विरुद्ध आफ्आफ्नै तहबाट विरोधका कार्यक्रमलाई अघि सारेको छ ।

लिपुलेक, लिम्पियाधुरा र कालापानी माथि भारतको अतिक्रमण नै हो, लिम्पियाधुरा नै महाकाली नदीको वास्तविक मुहान हो र हाम्रो पश्चिमको सिमाना पनि त्यही हो भन्ने कुरामा यतिखेर नेपालमा आम सहमति जस्तै कायम भएको छ ।

मोदीका अगाडि लम्पसार पर्दै आएका संसदका सत्ताधारी र प्रतिपक्षी दल र तिनका नेताहरू समेत लिम्पियाधुरा भन्दा पूर्वको भूभाग नेपालको हो, कालापानीमा सन् १९६२ देखि जबर्जस्ती राखिएको भारतीय सेना फिर्ता लैजानु पर्छ, भारतले भन्ने स्वर निकालिरहेका छन् । प्रधानमन्त्री के पी ओलीले बालुवाटारमा बोलाएको संसदमा भएका सबै दल, पूर्व प्रधानमन्त्रीहरू, पूर्व परराष्ट्रमन्त्रीहरूको संयुक्त बैठकमा यो तथ्यलाई सबैले स्वीकार गरे । भारतको यो हर्कत्लाई नेपाली भूमि माथिको अतिक्रमण भन्नेमा पनि सहमति भयो । यस सम्वन्धी संसदको समितिले पनि यही किसिमको निर्णय गरेको छ, एकमतले ।

यसरी भारत सरकारको अतिक्रमणका विरुद्ध संघर्ष गर्न देश एक ढिक्का भएको अवस्थामा अविलम्ब राष्ट्रिय स्वाधिनताको रक्षाकालागि सकृय पहल लिनु पर्नेमा ओली सरकार आश्चर्यजनकरूपमा मौन धारण गरेर बसेको छ । विभिन्न पार्टीहरू विभिन्न किसिमका कुतर्क अघि सारेर आन्दोलन र संघर्षको लहरलाई शिथिल पार्ने काममा सहयोग गर्दैछन् कि भन्ने आशंका पनि बढ्दै गएको छ । ओली सरकार देशको एउटा ठूलो भूभागमा भैरहेको नांगो अतिक्रमणको विरोध प्रदर्शन गरिरहेका युवाहरूको टाउको फुटाउन प्रहरी परिचालन गरिरहेको छ । दशौं लाख देशभक्त नेपाली जनता देशमाथि भैरहेको अतिक्रमणका विरुद्ध दवाव सिर्जनागर्नकालागि सडकमा ओर्लनु पर्ने अहिलेको अवस्थामा यो सरकार जनता माथि अन्धाधुन्ध दमन गर्न उत्रिन्छ भने यसको अर्थ के हुन्छ ? यसले कसलाई फाइदा पुऱ्याउँछ त ? अतित्रमणकारीलाई नै होइन त ?

केही मानिसहरू भारतले वार्ताव्दारा यो समस्याको समाधान गर्ने बताए पछि भारतले चाँडै कालापानीबाट भारतीय सेना फिर्ता गरिहाल्ने भयो भन्ने किसिमका भ्रमपूर्ण किसिमका अभिव्यक्ति दिइरहेका छन् । वास्तविकता के हो भने भारतको मोदी सरकारले यो काम सोचेर विचारेर गरेको हो । झण्डै साठी वर्ष देखि कालापानी कब्जा गरेर बसिरहेको भारतीय सेना त्यती सजिलै फिर्ता भै हाल्छ भन्नु मूर्खता हो । भारत कालापानीबाट सजिलै हट्नेवाला नै छैन । त्यसका निमित्त त्यसका विरुद्ध ठूलो दवाब सृष्टि गर्न सक्नु पर्दछ ।

यसका निमित्त निम्न लिखित कदम चाल्नु आवश्यक छ :

(क) नेपाल सरकारले कूटनीतिक पहललाई अविलम्ब अघि बढाउनु पर्दछ । यसका निमित्त आफ्नो अतिक्रमित भूभागबाट भारतीय सेनालाई फिर्ता गराउन समकक्षीसँग प्रधानमन्त्री स्तरमा वार्ता गर्न तिथि मिति तय गरिहाल्नु पर्दछ ।

(ख)प्राप्त जानकारी अनुसार लिपुलेक -कालापानी-लिम्पियाधुरा क्षेत्रमा नेपालको सुरक्षा निकायको उपस्थिति लगभग सुन्य बराबर छ । जबकी हरेक चार किलो मिटरको दुरीमा भारतीय प्रहरी, सिमा सुरक्षाबल र सेनाका बाक्लो उपस्थिति छ । यस क्षेत्रमा भारतको सुरक्षा निकायको उपस्थिति दश हजार छ । त्यसाकारण, नेपाल सरकारले पनि सुरक्षाका तीनै निकायलाई व्यापकरूपमा परिचालन गर्नु पर्छ । भारत सरकारले परिचालन गरेकै अनुपातमा परिचालन गर्नु पर्छ ।

(ग) यो अतिक्रमणको विषयलाई लिएर कालापानी क्षेत्रबाट भारतीय सेना फिर्ता गराउनका लागि यो विषयलाई अविलम्व अन्तर्राष्ट्रिय मंचमा लैजानु पर्दछ । यसका निमित्त संयुक्त राष्ट्रसंघ र अन्तर्राष्ट्रिय अदालत, हेगमा यो विषयलाई लैजाने पहल चाँडो भन्दा चाँडो गरिहाल्नु पर्दछ ।

(घ) देशभित्र देशभक्तिपूर्ण आन्दोलन व्यापकरूपमा संचालन गर्नु पर्छ । दशौंलाख नेपाली जनतालाई सडकमा उतार्नु पर्दछ । यसले भारत माथि ठुलो दवाब सिर्जना गर्न सक्दछ ।

उपरोक्त सबै कार्यहरूलाई सकृयता र तदारुकताका साथ गर्न सकेमा मात्र भारतीय सेनालाई यो क्षेत्र छाड्न वाध्य गराउनु सकिने छ ।

यदि यो ओली सरकार यसैगरी मौन धारण गरेर बसिरह्यो भने यो सरकारकै बिरोधमा पनि संघर्ष गर्ने तयारीमा लाग्नु जरुरी छ ।

लामो समयदेखि भारतीय सेनाले अतिक्रमण गरेर ढुक्क सँग कब्जा जमाएर बसिरहेको अवस्थामा यो नयाँ नक्सा छपाएर वितरण गरेको विषयले नेपाली देशभक्तहरूलाई उव्देलित बनाएको छ । यसको विरोधमा देशै एक ढिक्का हुन सक्ने अवस्था सिर्जना भएको छ । यो चुनौतीको सामना गर्दै यसलाई सदा सदाकालागि भारतीय विस्तारवादको चेपुवाबाट मुक्त हुने अवसरका रूपमा प्रयोग गरौं । फेरी देशका निम्ती हाम्रा पूर्खाले देखाएका ती एकता, वीरता र सौर्यको पुनः परिचय दिउँ !

## सैद्धान्तिक...

संगठन गर्नु र आम-जनताको जीवनमा सुधार ल्याउनु हाम्रा दुइता प्रमुख अभिभारा हुन् । यस सम्बन्धमा हाम्रो सामने कार्य-तरिकाको गम्भिर समस्या विद्यमान छ । अभिभारा निर्धारित गरेर मात्र पुग्दैन, हामीले त्यसलाई पुरा गर्ने कार्य-तरिकाको समस्या पनि समाधान गर्नुपर्छ । भन्नुको मतलव दुनियामा कुनै पनि काम गर्न जनताको साथ बिना सम्भव हुन्दैन भन्ने कुरा निर्विवाद छ । जनताको साथ पाउन जनता माझ हामी जानैपर्छ र उनीहरूसँग खुल्ला दिलले हेलमेल भई उनीहरूको विश्वास जित्न सक्नु पर्दछ । उनीहरूको विश्वास जित्नु भनेको, भने जस्तो त्यति सजिलो कुरा होइन । उनीहरूको विश्वास जित्न उनीहरूको दैनिक जीवनमा आइपरी राखेका महंगिको मार खाद्यान्न, बास, कपडा तथा चामल, नुन तेल र इन्धनको सँगै रोगब्यादि तथा सामाजिक जीवनका विवाह, ब्रतबन्ध जस्ता अनेकन समस्याहरू प्रति सहानुभूति मात्र हैन, भित्रैदेखि जिम्मेवार बनी उनीहरूको हर समस्या समाधान गर्न सदा साथ रहेर आत्मियता जताउनु नितान्त जरुरी छ । यदी हामी अभिभारालाई निर्धारित मात्र गर्छौं र त्यसलाई पूरा गर्ने उपरोक्त तरिकामा ध्यान दिंदैनौं भने, यदि हामी नोकरशाही कार्य-तरिकाको विरोध गर्दैनौं र ब्यावहारिक तथा ठोस कार्य-तरिका अपनाउँदैनौं भने र यदि हुकुमवादी तरिकालाई परित्याग गरेर धैर्यपूर्वक सम्झाउने बुझाउने तरिका अपनाउँदैनौं भने हामीले गर्ने राजनैतिक अपिल तथा क्रान्तिकारी युद्ध (आन्दोलन) मा शोषित पिडित आम-जनताको साथ पाउन सकिन्न भन्ने कुरो भुलेर पनि बिर्सनु हुन्न, किन कि क्रान्तिकारी युद्ध आम-जनताको युद्ध हो ।

हामी क्रान्तिकारी पार्टीका क्रान्तिकारी कम्युनिष्ट हौँ यस अर्थमा हामीले उठान गर्ने हर विषय र काम कुरो पुरातन समाज (दास युग र सामन्तवादी युग) ले सृजना गरेको दुनियाँलाई पंगु बनाई सदा सर्वदा आफु सर्वश्रेष्ठ बनी दुनियाँलाई ठगी खाने शैक्षिक प्रणाली, किताबी ज्ञान र व्यवहारिक ज्ञान बीचको खाडललाई जतिसक्यो उति गहिराई बनाउँदै लाने जस्ता गलत प्रकृयालाई खारेज गरी, सही रूपमा जन साधारणलाई शिक्षित तुल्याउन वैज्ञानिक जनवादी शिक्षा-प्रणाली लागु गर्न, क्रान्तिकारी पार्टीको क्रान्तिकारी कार्य तरिका अपनाउँदै अगाडि बढ्न, प्रतिक्रान्तिकारीहरूले क्रान्तिलाई उपहास गर्ने सम्पूर्ण कार्यवीधीलाई निर्मूल पार्दै, दश वर्षिय महान जनयुद्धताका अपनाई आएका शैक्षिक एवम् व्यवहारिक ज्ञानलाई तालमेल मिलाई आम-जनतामा घुलमेल भई उनीहरूको विश्वास जितेर अगाडि बढ्न आजका क्रान्तिकारीहरूले जमर्को गर्नैपर्छ ।

क्रान्तिकारी पार्टीका प्रत्येक क्रान्तिकारी नेता तथा कार्यकर्ताहरूले म शासक तिमीहरू शासित हौ भन्ने जस्ता व्यवहारबाट माथि उठी, नेताले आफ्ना कार्यकर्ताहरूसँग घुलमिलभई आत्मियता जताउने, कार्यकर्ताले आम-जनतासँग घुलमिलभई आत्मियता जताउने व्यवहारिक ज्ञान र शिपबाट निपूर्ण हुनु नितान्त जरुरी छ । जस्तो कि विश्व सर्वहारावर्गका महान नेता लेनिन र माओले आफुहरू अनेकौं कामकुरोमा व्यस्तताका बाबजुद पनि आवश्यक समयको तारतम्य मिलाई नेता नेताहरूको माझमा मात्र हैन, सर्वसाधारण कार्यकर्ताहरूको कोठा कोठामा त्यो पनि नेताको हैसियतले होइन । आफु पनि साधारण कार्यकर्ताकै रूपमा सामाजिक, आर्थिक तथा राजनैतिक विषय वस्तुको समय सापेक्ष ढङ्गले छलफल चलाई प्रशिक्षणलाई व्यवहारिक रूपले मूर्त रूपदिई, रुसमा अक्टुवर क्रान्ति, चिनमा नयाँजनवादी क्रान्ति सफल तुल्याएका थिए । यहाँ पनि हाम्रा नेता तथा कार्यकर्ताहरूले त्यसै अनुरूपको सोच र चरित्र ग्रहण गरी हाम्रो नेपालको वस्तुस्थितिसँग मेल हुने गरी व्यवहारिक ज्ञान र शिप हासिल गरेर क्रान्तिकारी छलाङ्ग मार्न सक्नुपर्दछ । अन्यथा सतहमा देख्ने गरी सदा सर्वदा घनिभूत रूपले पार्टी मिटिङ्गमा वेस्त रहेर अनेक खाले क्रान्तिकारी कार्यक्रम तर्जुमा गर्नुको सँगसँगै क्रान्तिकारी अभियान संचालन गर्दै हिंड्नुको कुनै औचित्य रहन्न भन्ने कुराको हेक्का राख्नैपर्छ ।

क्रान्ति गर्न र हुनको निम्ति समय र परिस्थितिभित्र खुम्चेर होइन, समय र परिस्थितिलाई आफु अनुकूल बनाई आजको आवश्यक्ता अनुरूप पूर्णतः व्यवहारिक रूपले क्रान्तिकारी पृष्ठभूमि तयार पारी जुझारु ढङ्गले अगाडि बढ्नु पर्दछ । यसो भनेर फेरि देश व्यापि रूपमा एकसाथ अगाडि बढ्नु पर्छ भन्ने होइन । पार्टीको सुदृढ स्थिति र ठाउँ विशेषको तयारी र अनुकूलता हेरि देशको कुनै पनि क्षेत्रबाट क्रान्तिकारी छलाङ्ग मार्न सकिन्छ । तर अल्लारे र हचुवा तालले होइन, क्रान्तिकारी सचेतता अपनाई जिम्मेवारी तौरतरिकाले बुद्धिमानि पूर्ण ढङ्गले छलाङ्गमार्नु पर्छ ।

युद्ध-संचालन गर्ने प्रत्येक पक्षको मनोगत सामर्थले पनि त्यसलाई निर्धारित गर्छ । युद्ध जितने आफ्नो प्रयासमा कुनै पनि रणनीतिज्ञले भौतिक परिस्थितिद्वारा निश्चित गरिएको सीमालाई नाघ्न सक्दैन, तर सो सिमाभित्र रहेर उसले बिजयको निम्ति प्रत्यत्न गर्न सक्छ र प्रयत्न गर्नुपर्छ । एकजना रणनीतिज्ञका लागि चाहिने कारवाहीको मंच वस्तुगत भौतिक अवस्थाहरूको जगमाथि बनेको हुन्छ र त्यस मंचमा उसले राग तथा रंग, ओजस्विता र महिमाले परिपूर्ण अनेकौं नाटकहरूको अभिनय गर्न सक्छ । तसर्थ, कुनै निश्चित भौतिक आधारमा, अर्थात जनसेना (लडाकु), राजनैतिक आर्थिक तथा प्राकृतिक स्थितिहरूको आधारमा क्रान्तिकारीहरूले आफ्नो पराक्रमको प्रदर्शन गर्नुपर्छ र राष्ट्रिय तथा वर्गीय शत्रुहरूलाई खतम पार्न र यस भाँडभैलपूर्ण संसारलाई फेर्नका लागि आफ्ना सारा शक्तिहरूलाई व्यवस्थित पार्नुपर्छ ।

हामीले युद्ध संचालन गर्ने आफ्नो मनोगत सामर्थ्यलाई प्रयोग गर्न सक्छौं र प्रयोग गर्नुपर्छ । हामी हाम्रो पार्टीका जिम्मेवार कुनै पनि नेता वा कार्यकर्ताहरूलाई जोशमा आँखाले नदेख्ने भएर गल्ति गर्ने अनुमति दिन सक्दैनौं मात्र होइन, देश र जनताले पनि त्यस्तो अनुमति दिने छैनन् । हामी निश्चित रूपले के चाहान्छौं भने हाम्रा प्रत्येक नेता र कार्यकर्ताहरू यस्तो बीर बनुन् जो बहादुर र बुद्धिमान दुबै हुन्छ र जसमा सब बिजयी साहस र सम्पूर्ण युद्धको क्रममा हुने परिवर्तनहरूमा स्थितिलाई सम्हाल्न सक्ने सामर्थ्यवान दुवै हुन्छ । युद्धको महासागरमा पौडि खेल्दा, उसले डुब्नेबाट बच्ने मात्र होइन, बरु सावधानिपूर्वक चाल मारेर अर्को किनारमा पुग्ने कुरोलाई सुनिश्चित पार्नुपर्छ । युद्धका निर्देशक नियमहरू युद्धका महासागरमा पौडि खेल्ने कला हुन् । यसमा क्रान्तिकारी नेता तथा कार्यकताहरू सक्षम र निपूर्ण हुनैपर्छ । यसरी मात्र हामीले हाम्रो क्रान्तिकारी अभिभाराको लक्ष र उद्देश्य पूरा गर्न सक्नेछौं, अर्थात, सशस्त्र जनविद्रोहद्धारा नयाँ जनवादी क्रान्ति सफल पारी यसै माध्यम बैज्ञानिक समाजवाद हुँदै साम्यवादमा छलाङ्ग मार्न सक्षम् हुनेछौं । २०७६/७/१३

*ताहाचल, काठमाडौं*

## नेपालका...

लिम्पीयाधुराको सार्वभौमिकतको रक्षा सम्भव होला ? गम्भीर प्रश्न उठेको छ र नभन्दै यो आन्दोलनलाई कसरी सिथिल बनाउदै लैजाने अभियानमा ओली सरकार लागेको अनुभूती हुँदै गएको छ । उनीहरूको विगतको राष्टघ्रातको कालो इतिहासले यसलाई शंकाको घेरामा राख्न मद्त गर्दछ । यो अवस्था उनीहरूको परीक्षणको समय आएको छ । विस्तारवादी अतिक्रमण विरुद्ध ओली सरकार लम्पसार पर्छ कि खडा रहने छ, हेर्न बाँकी छ । यो अवस्थामा नेकपाक्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले यी लम्पसारवादीहरूले केही गर्छन कि भनेर बाटो हेरेर होइन आफ्नै पहलकदमीमा देशमा एउटा बृहत सर्वपक्षीय र सर्वदलीय सम्मेलनको आयोजना गर्नु जरुरी भएको छ । ताकि आवश्यक परे काठमाण्डौमा रहको राजदतावासहरूका राजदुतहरूलाई बोलाई यो विषयलाई अन्तराष्ट्रियकरण गर्न सकियोस । चीन सरकारलाई पनि यो दवाव दिन आवश्यक छ कि उसले भारतसँग बसेर नेपालाई थाहै नदिई किन कालापानी लिपुलेकलाई उनीहरूको दुई देशको सिमाना माने ? उसलाई यो गल्ती सच्चयाउन पनि भन्नु पर्ने आवश्यकता छ । यद्धपि कालापानी वारे चीनले भर्खरै बोलेको छ जसमा यो कुराबारे उ मौन देखिएको छ, जो नेपालका लागि गम्भीर विषय हो । चीनले यो वारे पनि बोल्नु पर्छ । यसरी मात्रै यो समस्यालाई देश र जनताको पक्षमा समाधन गर्न सकिने छ अन्यथा नेपालबाट कालापानी, लिपुलेक र लिम्पीयाधुरा सधाको लागि गुम्ने छ ।

*singhhukum683@gmail.com*


## हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा
सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको ३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

**सचिव- प्रकास खड्का**

**काठमाडौं महानगरपालिका वडा नं. १० कार्यालय परिवार**

काठमाडौं






**आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।**

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,** ऐसेलुखर्क, बाक्सीला, भोजपुर, ओखलढुंगा, सोलु जानु परेमा हामीलाई सम्झनुहोस् ।


**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०

चाबहिल- ९८५१२४५६८०

दित्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**




**गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म**

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | – ९८४२८३७७९३ | फोन नं. | ०३५–४२१६४३ |
| | – ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | – ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | – ९८१८४१५२९० | | – ९८१५७८४८७४ |

**दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।**

**हिमाल-तराई यातायात सेवा समिति**

**रिभर्ज चाहिएमा सम्पर्क**

सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१–५१००४९४ | ०४७–५२११६९ |
| ९८४११०६९६७ | ०४७–६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

# आलोपालो

## नेपालका लम्पसारवादीहरू नै वर्तमान समस्याको मूल कारण



● हुकुमबहादुर सिंह ●

देशको सार्वभौमिकताको रक्षाका लागि यो खुशीको समाचार हो कि भारतमा मोदी नेतृत्वको सरकारले भरखरै सार्वजनिक गरेको भनिएको नक्सामा नेपालको कालापानी, लिपुलेक र लिम्पीयाधुरासमेतको करीब ३७२ वर्ग किलोमिटर जमिन भारतीय नक्साभित्र गाभेर प्रकाशित गरेपछि नेपालमा सरकार, प्रतिपक्ष र बाँकी सबै दलहरूलगायत नागरिक समाज, बुद्धिजीवी तथा समग्र पेशा तथा व्यवसायका सबैबाट यसको विरोध भएको छ र नेपालमा यो एउटा यस्तो विषय बनेको छ जसमा समग्र नेपाल एक ढिक्का भएर मोदी सरकारको उक्त कदमका विरुद्ध उभिएको छ । यो नेपालको भौगोलिक अखण्डताको रक्षाका लागि एउटा बलियो राष्ट्रियस्तरमा उभिएको एकताको अति नै उत्तम आधार बनेको छ । तर समस्या कहाँनेर हो भने नेपालको राज्यसत्ताको बागडोर सम्हाल्न पुगेका सबै पक्ष र तत्वहरूले आफनो सत्ता र निहित स्वार्थ रक्षा गर्न र उद्येश्य पूर्तिका लागि भारतीय सत्ता र शाससकवर्गको चाकरी र दलाली गर्नमा प्रतिष्पर्धा नै गर्दै आएको नेपालको लामो इतिहास छ । र वर्तमान ओली सरकारका लागि यो एउटा अग्नी परीक्षा बनेको छ ।  यद्धपि देशको सीमाना रक्षाका लागि बलभद्र कूवँर लगायत नेपालका अनेकौ बीर बीरङ्नाहरूको त्याग तपस्या र बीरताको रक्तरजित इतिहास पनि नेपालको नभएको होइन ।  कालापानी, लिपुलेक र लिम्पीयाधुराको सवाल पनि यसैसित जोडिएको छ । तर यो पटक समग्र जनता जागेको समय छ । अब सरकार वाध्यतामा छ कि यसलाई अब विगतमा जस्तै जनताबाट लुकाएर राख्न कठिन बनेको छ ।

भारतको यस्तो अतिक्रमणको पहिलो विरोध वर्तमानमा नेकपाक्रान्तिकारी माओवादी) निकट देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले २०७४ असोज २३ गते नेकपा (क्रान्तिकारी-माओवादी)को पहलमा पहिलो पटक संस्थागत रूपमै भारतले बनाएर नेपालमा पठाएको कालापानी वेगरको नक्सा नेपाल सरकारका प्रधानमन्त्री लगायत सबै कार्यालय, शैक्षिक संस्थाहरू तथा औधोगिक क्षेत्रहरूमा प्रयोग गरिएको नक्सा, जसमा कालापानी हटाएर बनाइएको थियो, त्यसका विरुद्ध एउटा अभियान नै चलायो तर तत्कालिन ओली सरकार र प्रतिपक्ष तथा सबै नागरिक समाज र वौधिक वर्गले यो तपाइहरूको मनोगत सोंच हो, त्यस्तो होइन भने । पछि नेपालका सर्वे विभागका भूतपूर्व महानिर्देशकहरू-बुद्धिनारायण श्रेष्ठलगायत अरुहरूबाट नेकपा (क्रान्तिकारी माओवादी)को पहलमा गरिएको उच्च स्तरीय अन्तरक्रियाले त्यसलाई बलियो गरी उठाएपछि र सरकारको मूख्य सचिवको कार्यालयमा समेत उक्त नक्शाको विरोध गरेर प्रस्तुत गरे पछि मात्रै उनीहरूले केही महशुस गरेर कालापानी सहीतको नक्शा राख्ने निर्देशन गर्न पुगेको यथार्थता हो । तर त्यसलाई प्रभावकारीता दिएनन केबल एभनेर उटा औपचारिकता मात्रै गरेका थिए । यसै सन्दर्भलाई लिएरल त्यो भन्दा पनि अगाडि नेकपा (क्रान्तिकारी माओवादी)को विद्यार्थी संगठन अखिल क्रान्तिकारीको नेतृत्वमा केही वर्ष पहिले विद्यार्थीहरूको मार्चपास लिम्पियाधुरासम्म पुगेर यो समस्यालाई राष्ट्रियस्तरमा उजागर गरेको थियो । त्यसवेलामा अखिल क्रान्तिकारीका नेताहरू जो लिम्पियाधुरासम्म पुगेर यो समस्यालाई राष्ट्रियस्तरमा लैजाने काम गरे अहिले नेकपा(क्रान्तिकारी माओवादी)बाट पलायन भएर सरकारी कम्युनिस्ट पार्टी नेकपामा छन् । र त्यसमयका पार्टीका महासचिव वर्तमान गृहमन्त्री रामबहादुर थापा बादल पनि सोही पार्टीमा थिए । तर अहिले यो सरकारले  खासगरी तिनै रामबहादुर थापाको निर्देशनमा मोदीको उक्त कार्यको विरोधमा उत्रिएका युवा विद्यार्थीहरूमाथि विभिन्न बाहना बनाएर प्रहरी दमन गर्न निर्देशन दिएर मोदीलाई खुशी बनाउन खोजीरहेका छन् । गत हप्ता माइतीघर मण्डेलामा भएको विद्यार्थीहरूको विरोध जुलुसमाथि प्रहरी दमन यसको ज्वलन्त प्रमाण हो ।

नेकपा( क्रान्तिकारी-माओवादी)का महासचिव मोहन वैद्य किरणले आफनो अन्तरवार्तामा सरकारी विद्यार्थीहरू तथा युवाहरूले गरेको आन्दोलन र समग्र आन्दोलनलाई एउटा सकारात्मक कदम हो भन्दै त्यसभित्रको प्रवृतिगत विश्लेषण गर्दै भनेका छन् "भारत सरकारले ल्याएको नयाँ नक्साको विरोधमा जुन आवाज उठीरहेको छन्, तिनको प्रवृतिगत अध्ययन गर्दा निम्न विषयमा ध्यान दिनु पर्दछः पहिलो, यो विरोध सच्चा देशभक्त,जनवादी, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूद्धारा भएको छ । दोस्रो, यो विरोध सरकार, सदन र सडक तीनओटै मोर्चा कब्जा गरेर जनतालाई भ्रमित तुल्याउने उद्येश्यले पनि भइरहेको छ । तेस्रो, यो विरोध सामान्यतः देशभक्तिको भावनामा आधारित रहेर पनि भइरहेको छ । यहाँनेर हामी दोस्रो प्रकारको विरोधप्रति सचेत र सतर्क भएर हेर्नु पर्छ । देशको राष्ट्रिय स्वाधिनताको आन्दोलनलाई अगाडि बढाउनका लागि तात्कालीन र दृघकालीन नीति , योजना र कार्यक्रम बनाएर जानु पर्दछ । तत्कालीन रूपमा भारतीय विस्तारवादको सीमा अतिक्रमण  र हस्तक्षेपमा विरुद्ध कुटनीतिक तथा राजनीतिक पहलका लागि सरकारसित माग गर्नु पर्दछ । यस विषमा मिल्न सक्ने सबै शक्तिसित मिलेर देशभक्त तथा क्रान्तिकारीहरबीच कार्यगत एकता गरे जानु पर्दछ । यस विषयलाई अन्तराष्ट्रियकरण पनि गर्नु पर्दछ । र विदेशी सच्चा मित्रहरूको सहयोग पनि लिनु पर्दछ । यस विषयमा जनतालाई ब्युझाउदै गोलबन्द गर्दै अगाडि बढनु पर्दछ । यस अतिरिक्र दृघकालीन रूपमा देशलाई अर्धऔपनिवेशिक तथा नवऔपनीवेशिक अवस्थाबाट मुक्त गर्नका लागि नीर्णायक संघर्षमा जानु पर्दछ । र त्यसका निमित आवश्यक तयारीमा लाग्नु पर्दछ । (बर्गदष्टि २०७६ कार्तिक २५ गते)

मोहनवैद्य किरणको उल्लेखित विश्लेषण समय सान्दर्भिक छ र महाकालीमा जघन्य राष्ट्रघात गरेका ओली र देउवाबाट देशको सार्वभौमिकताको रक्षा सम्भव छैन भन्ने स्पष्ट । महाकालीको सन्धीमा मा जघन्य राष्ट्रघात गरेकाहरूबाट के कालापानी, लिपुलेक र *बाँकी ७ पेजमा*

### भारतीय...

अगाडि बढाउनु पर्नेमा जोड दिनु भएको छ । अध्यक्ष गजुरेलले एक दुईवटा वक्तव्य र दुई चारवटा जुलुसले भारतीय विस्तारवाद कालापानी क्षेत्र छाडेर नजाने भन्दै उसले गरेको अतिक्रमणलाई अन्तर्राष्ट्रियकरण गर्ने र जनताको सशक्त आन्दोलनलाई एकसाथ अगाडि बढाउनु पर्ने धारणा राख्नु भयो ।

पार्टीको ३ नं. प्रदेशको सम्मेलनको उद्घाटन गर्दै अध्यक्ष गजुरेलले कालापानीको मुद्दा करिब ६० वर्ष अगाडिदेखिको मुद्दा भएको र आफ्नो पार्टी तथा देजमोले करिब १ वर्ष अगाडिदेखि नै सरकारलाई लिम्पियाधुरा, कालापानी, लिपुलेक भएको नेपालको वास्तविक नक्सा प्रयोग गर्न र प्रयोग भइरहेको नक्कली नक्सा सबै सरकारी कार्यालयबाट हटाउन देशैभरी दबाबमूलक आन्दोलन गरेको प्रसंग कोट्याउनु भयो । अहिले भारतले त्यो भूभाग आफ्नो नक्सामा पारेपछि मात्र थाहा पाएजस्तो गर्ने संसदवादी दलहरूलाई लक्षित गर्दै अध्यक्ष गजुरेलले भन्नुभयो, 'यिनीहरू यो मुद्दालाई त्यत्तिकै ढिसमिस बनाउन खोजिरहेका छन् । जनता सचेत हुनु पर्छ । उनीहरूको भ्रममा पर्नु हुन्न । आन्दोलनलाई सशक्त बनाएर लैजानु पर्छ ।'

क्रान्ति तथा आन्दोलनको वस्तुगत आवश्यकता अनुसार पार्टी संगठनलाई सदृढ बनाउने अभियानमा जुटेको भन्दै अध्यक्ष गजुरेलले अब पार्टी र मोर्चाले आन्दोलनाई देशव्यापी रूपमा उठाउन नेतृत्वदायी भूमिका खेल्ने बताउनु भयो । सम्मेलनमा अतिथिहरूले शुभकामना मन्तव्य दिएका थिए । अध्यक्ष गजुरेलको सम्बोधनसँगै उद्घाटन सत्रको समापन भई सम्मेलन बन्द सत्रमा प्रवेश गरेको छ । बन्द सत्रबाट नयाँ नेतृत्वको चयन गर्दै सम्मेलनले समसामयिक प्रस्तावहरू पारित गरेको छ । सम्मेलनको अन्तमा मध्यक्षेत्र ब्युरो इञ्चार्ज तथा स्थायी समिति सदस्य क.सीपी गजुरेलले सम्मेलनबाट निर्वाचित सदस्यहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभयो । सम्मेलनको अन्तमा गगनभेदी नारासहित सम्मेनलन माप्त भएको घोषणा गरियो ।



*नवनिर्वाचित सदस्यहरूलाई बधाई तथा शुभकामना व्यक्त गर्दै क.गौरव*

### कालापानीबारे...

स्पष्ट पारेको छ । नेपाल, भारत र चीनको त्रिदेशीय बिन्दू लिपुलेकका सम्बन्धमा भने चीन बोलेको छैन । चिनियाँ दूतावासका प्रवक्ताका तर्फबाट बिहीबार साँझ जारी विज्ञप्तिमा भनिएको छ, 'चिनियाँ पक्ष सदिच्छा व्यक्त गर्न चाहन्छ कि नेपाल र भारतले मैत्रीपूर्ण परामर्श र सम्वादमार्फत् कालापानीमाथिको बिवाद समाधान गर्नेछन् । चिनियाँ पक्षले सधैँ नेपाली पक्षको भौगोलिक अखण्डता र सार्वभौमसत्ताको सम्मान गरेको छ ।'

चीनबाट नेपाली भूभाग मिचिएको समाचार र टिप्पणीप्रति चिनियाँ दुतावासले असन्तोष पोखेको छ । 'केही गैरजिम्मेबार मिडिया र व्यक्तिहरूले नेपाली भूमि चीनबाट अतिक्रमित भएको दाबी गरिरहेका छन् । यी आरोप आधारहीन छन् र जनताको ध्यान अन्त मोड्ने गरी भ्रम सृजना गर्ने प्रयत्न भएको छ ।' चिनियाँ दूतावासले भनेको छ । नेपाल र चीनबीच सन् १९६१ मा भएको सीमा सन्धीको पृष्ठभूमि उल्लेख गर्दै दूताबासले त्यही आधारमा सीमा तय भएको र सीमांकन भएको पनि चीनले भनेको छ । 'वर्षौँ यता नेपाल र चीनबीच सीमा तथा सुख्खा बन्दरगाहका बिषयमा राम्रो सहकार्य हुँदै आएको छ' चिनियाँ विज्ञप्तिमा उल्लेख छ, 'यो वर्षको अक्टोबरमा चिनियाँ राष्ट्रपतिले सफल राजकीय भ्रमण गर्नुभएको छ । त्यसक्रममा दुवै पक्षले सीमा व्यवस्थापन प्रणालीसम्बन्धी सम्झौतामा हस्ताक्षर गरेका छन् । चीनले बाह्य हस्तक्षेपको अवज्ञा गर्दै सीमासम्बन्धी मामिलालगायत सहकार्य थप सुदृढ गर्न चाहेको छ । र, नेपालसँग साझा विकास प्रवर्द्धन गर्न पनि चीनले चाहेको छ । नेपाल चीन सम्बन्धलाई कमजोर पार्ने कसैको प्रयास सम्भव हुनेछैन ।'

यसैबीच, लिम्पियाधुरा, लिपुलेक र कालापानी सीमा विवादका विषयमा १४ वर्षअघि नै राष्ट्रसंघमा प्रवेश पाएको तथ्यको खुलासा भएको छ । नापी विभागका तत्कालीन महानिर्देशक तोयानाथ बरालले यो विषय आफूले राष्ट्रसंघको १७औं कार्टोग्राफिक सम्मेलन, एसिया-प्यासिफिकमा राखेको जानकारी दिएका छन् । सम्मेलन सन् २००६ सेप्टेम्बरमा थाइल्यान्डको बैंककमा भएको थियो । नेपाल सरकारको प्रतिनिधित्व गरी आफूले लिम्पियाधुरा, लिपुलेक र कालापानीको सीमा विवादलाई प्रवेश गराएको उनले बताए। 'मैले सन् २००६ मै सीमा विवादलाई राष्ट्रसंघमा प्रवेश गराएको हुँ', उनले भनेका छन्, 'राष्ट्रसंघमा यसको रेकर्ड छ ।'

# 'मधेसी जनताको मुक्तिका लागि वर्गीय र जातीय मुक्ति आन्दोलनलाई सँगसँगै लैजानुपर्छ'

## 'आत्मनिर्णयको अधिकार, मधेसी मुक्तिको आधार' भन्दै मधेसी राष्ट्रिय मुक्ति मोर्चाको भेला सम्पन्न

## अध्यक्षमा विरेन्द्र यादव, महासचिवमा जितेन्द्र सिंह निर्वाचित



जनकपुर । पार्टी निकट मधेसी राष्ट्रिय मुक्ति मोर्चाको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले मधेसी जनताको मुक्तिका लागि वर्गीय र जातीय आन्दोलनलाई सँगसँगै लैजानुपर्ने बताउनु भएको छ । जनकपुरको गोपाल धर्मशालाको हलमा आयोजित मोर्चाको राष्ट्रिय भेलालाई सम्बोधन गर्दै महासचिव किरणले नयाँ जनवादी क्रान्तिले मात्र मधेसी जनतालाई वास्तविक अर्थमा मुक्ति दिलाउने दावी गर्नुभयो । त्यसका लागि नयाँ जनवादी क्रान्तिमा मधेसी जनताको महत्वपूर्ण भूमिका रहने पनि बताउनु भयो । पार्टीका स्थायी समिति सदस्य तथा प्रवक्ता हरिभक्त कँडेलको विशेष उपस्थिति रहेको शनिबार दिउसोबाट सुरु भएको मोर्चाको भेला आइतबार सम्पन्न भएको छ । भेलाले विरेन्द्र यादवको नेतृत्वमा २७ सदस्यीय कार्य समिति निर्वाचित गरेको छ । जसमा अध्यक्ष विरेन्द्र यादव, उपाध्यक्ष पी पटेल, महासचिव जितेन्द्र सिंह, सविच सुधिर मण्डल (मोरङ), कोषाध्यक्ष मोहिपतलाल मौरिया (बाँके) लगायत रहेका छन् । निर्वाचित कमिटिलाई पार्टी महासचिव किरण, प्रवक्ता प्रतीक, पार्टी प्रदेश सेक्रेटरी रमेश लगायतका नेताहरूले बधाई दिएका थिए । भेलाले एउटा समसामयिक प्रस्ताव समेत पारित गरेको छ । जसमा भारतीय विस्तारवादले कालापानी क्षेत्रमा गरेको अतिक्रमणको कडा विरोध गर्दै उक्त भूमि फिर्ता गराउन अविलम्ब कुटनीतिक पहल अगाडि बढाउन सरकारसित जोडदार माग गरेको छ । र, सशक्त प्रतिरोध आन्दोलन अगाडि बढाउने घोषणा गरेको छ । मोर्चाले महँगी, भ्रष्टाचार, कालाबजारीलगायत राष्ट्रियता, जनतन्त्र र जनजीविकाका मुद्दाहरूलाई लिएर सशक्त आन्दोलन अगाडि बढाउने समेत उल्लेख गरेको छ ।

त्यसैगरी भारतसँग गरिएका सन् पचास लगायत सबै असमान सन्धि सम्झौताको खारेजीका लागि संघर्ष गर्ने र सामाजिक, राजनीतिक, कुटनीतिक, साँस्कृतिक लगायतका क्षेत्रमा समेत भएको भारतीय हस्तक्षेपको जोडदार विरोध गर्ने, मधेसी जनतामाथि राज्यको भेदभावपूर्ण नीतिको विरोध गर्ने, पहाडीया अहंकारवादको विरोध गर्ने र वास्तविक पहिचानसहितको संघीयताका लागि संघर्ष गर्ने लगायतका विषयहरू अगाडि सारिएको छ । वर्गीय र जातीय मुक्ति आन्दोलनलाई सँगसँगै अगाडि बढाउन पनि मोर्चाले संघर्षको आवश्यकतामाथि जोड दिएको छ । 'आत्मनिर्णयको अधिकार, मधेसी मुक्तिको आधार' भन्ने मूल नाराका साथ आयोजित भेलाले संगठन विस्तारलाई व्यापक बनाउने समेत निर्णय गरेको छ ।

## देजमो नेपाल ३ नं. प्रदेशको संघर्षका कार्यक्रमहरू सार्वजनिक

मंसिर ४ गते १२ बजे काठमाडौंको शान्तिबाटिकाबाट भारतीय सीमा अतिक्रमणका विरुद्ध जुलुस प्रदर्शन गर्दै विरोध सभाको आयोजना गर्ने

मंसिर ६ गते भक्तपुरको दत्तात्रेयमा दिउँसो ३ बजे उपनिर्वाचन बहिष्कार सभाको आयोजना ।

### मधेशी...

नियतमाथि सधैं शंका गर्दै आएको आरोप लगाउँदै महासचिव किरणले मधेशी जनता पटक-पटक नेपाली सीमाको सुरक्षाका लागि लड्ने गरेको स्पष्ट पार्नुभयो । उहाँले भन्नुभयो, ' मधेशी जनताले वास्तवमा वर्षौदेखि सुरक्षा किलाको रूपमा काम गर्दै आएका छन् ।' उल्टो बुद्धि भएको सरकारले सीमा सुरक्षा गर्नुपर्ने सेनालाई ठेक्कापट्टामा लगाएको भन्दै उहाँले उक्त कार्यको बिरोध गर्नुभयो । महासचिव किरणले ठेक्कापट्टा छाडेर सीमा सुरक्षाका लागि सेना परिचालन गर्न पनि माग गर्नुभयो ।

वर्तमान सरकारविरुद्ध आक्रामक रूपमा प्रस्तुत हुनुभएका किरणले संघीयता आएपनि केन्द्र सरकारले सबै अधिकार आफूमा निहित राखेकोले प्रदेश सरकार आफैले केन्द्र सरकार विरुद्ध लड्नु आवश्यक रहेको स्पष्ट पार्नुभयो ।









**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।